मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ६६ ★ ने. सं. ११४४ चिल्ला गा, चतुर्थी ★ शुक्रबार ★ १६ चैत, २०८० ★ March 29, 2024, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## जलमार्ग र पर्वतीय पदमार्ग बिगार्न नहुने



काठमाडौँ, १५ चैत । प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिको बैठकमा उद्योग वाणिज्य महासङ्घका प्रतिनिधिहरूसँग पर्यटन उद्योगबारे बिहीबार छलफल भयो ।

छलफलमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, महासङ्घको पर्यटन विभागका अध्यक्ष देशबन्धु बस्नेत, नेपाल होटल एसोसियसनका अध्यक्ष प्रवीण पाण्डे, वायुसेवा सञ्चालन सङ्घका मनोज कार्की, टान (टीएएएन) का रामप्रसाद बन्जारा, रेष्टुराँ र बारका सङ्घर्ष विष्ट, महासङ्घका उपाध्यक्ष ज्योत्सना श्रेष्ठ, नेपाल यात्रा सङ्घका प्रतिनिधि, पर्वतीय पर्यटनका प्रतिनिधिले पोखरा र भैरहवा विमानस्थल सञ्चालन गर्नुपर्ने, नेपालबाट हवाई टिकट लिँदा १३ प्रतिशत भ्याट बढी लाग्ने, दुग्ध पदार्थ गुणस्तरहीन भएको हुँदा गुणस्तरीय आयात गर्नुपर्ने, राजनीतिक परिवर्तन बरोबर हुँदा अप्ठेरो भएको, क्यासिनो खेलबाट नेपालले पनि आम्दानी गर्नुपर्ने, नेपाल पर्यटन बोर्डलाई भागबन्डाको थलो बनाउन नहुने, जलयात्रासमेत बन्द हुने गरी जलविद्युत् उत्पादनको नाममा भारतलाई नदीनाला दिन नहुने, पर्वतीय पर्यटनको मार्ग भत्किने गरी डोजर चलाउन नहुने, लुक्ला र कालापत्थर उड्ने हेलिकप्टरलाई ४ ठाउँ होइन ६ ठाउँमा रोक्ने अनुमति दिनुपर्ने, विदेशमा भएका राजदूतहरूलाई अर्थ कूटनीतिको जिम्मेवार निर्वाह गराउनुपर्ने विषय उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले प्राचीन स्मारक संरक्षण ऐनअनुसार नेपालको प्राकृतिक र संस्कृतिको सम्पदा जलमार्ग र पदमार्ग बिगार्न नहुने, भारतलाई ६० हजार मेगावाट विद्युत् बेच्ने नाममा जलमार्ग र जलचर समाप्त पार्ने काम गर्न नहुने, प्रम पुष्पकमल दाहालको भारत भ्रमणमा विद्युत् बेच्ने सम्झौता गर्नुअघि जलमार्ग र पर्यटन मार्ग बिग्रिनेबारे सोचेको देखिएन, नेपालीलाई गलत काममा लगाएर सम्पत्ति जोड्ने मनसाय कसैले पनि राख्न नहुने, एउटा प्रदेशमा शरीर बेच्ने महिलाहरूलाई अनुमति दिने चर्चा चलाइयो, त्यसरी अनुमति दिने दाबी गरेकाहरूको छोरीबुहारी शरीर बेच्ने काममा लाग्नेबारे किन सोचिएन भनी उल्लेख गर्नुभयो ।

शासक दलहरूको पक्षपात र बेइमानीलाई राजनीति भन्न नहुने, राजनीति सबै नीतिको मूल नीति र देश र जनताले इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र भएको, देशको सन्तुलित विकासको लागि बसाइँसराइ जिल्लाभित्र सीमित गर्नुपर्ने, भन्सार राजस्व चुहावटमा भारतीय बिचौलिया र सरकारी अधिकारीहरूको संलग्नता भएको मन्त्रीहरूलाई जानकारी हुनुपर्ने उल्लेख गर्दै सांसद सुवालले दुग्ध पदार्थ आयात नगरी नेपालमै गुणस्तरीय दुग्ध पदार्थ उत्पादन गर्नुपर्ने, भारतकै पुरातत्त्वविद्हरूले रामायण कथामा उल्लिखित स्थानबारे कुनै अवशेष फेला नपरेको हुँदा रामायण सर्किटबारे सचेत हुनुपर्ने, बाह्य पर्यटनभन्दा आन्तरिक पर्यटनमा भरपर्नुपर्ने, जलविद्युत्, जङ्गल, भूमि र माफियाहरूविरुद्ध सबै एक भएर लड्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

सरकारी कमलपोखरी, जङ्गल, भवन, निजी दर्ता गरिएको वा बहालको नाममा आफ्नो स्वार्थ पूरा गर्ने कामको उद्योगी-व्यापारीहरूबाट पनि विरोध हुनुपर्ने सांसद सुवालले औँल्याउनुभयो ।

## पहिलो दिनको एसईई परीक्षा शान्तिपूर्ण

भक्तपुर, १५ चैत । बिहीबारदेखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा ( एसईई) अन्तर्गत पहिलो दिनको परीक्षा देशभर शान्तिपूर्णरूपमा सम्पन्न भएको राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ ।

बिहीबार पहिलो दिन अङ्ग्रेजी विषयको परीक्षा मर्यादित र शान्तिपूर्णरूपमा सम्पन्न भएको कक्षा १० परीक्षा नियन्त्रण कार्यालयका एसईई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार बिहान ८ बजे देशभरका दुई हजार ६४ परीक्षा केन्द्रमा एकैसाथ परीक्षा सुरु भएको थियो ।

चैत २७ गते सम्पन्न हुने परीक्षा व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्णरूपमा सम्पन्न गराउने उद्देश्यसहित आवश्यक तयारी गरिएको उहाँले बताउनुभयो ।

परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार आठ सय छ विद्यालयका दुई लाख ५० हजार सात सय ७२ छात्रा, दुई लाख ५३ हजार छ सय २७ जना छात्र र अन्य १५ जना गरी कुल पाँच लाख चार हजार चार सय १४ परीक्षार्थीले फारम भरेका थिए । परीक्षामा केही परीक्षार्थीको सङ्ख्या घटेको हुनसक्ने परीक्षा नियन्त्रक पौडेलले बताउनुभयो । उहाँका अनुसार कुल परीक्षार्थीमध्ये पाँच सय छ विद्यालयका १५ हजार सात सय ४९ जना परीक्षार्थी प्राविधिक धारतर्फका छन् ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थीले कम्तीमा सैद्धान्तिक विषयमा ३५ अङ्क र प्रयोगात्मकमा ४० अङ्क ल्याउनैपर्ने बताउँदै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ र ७५ पूर्णाङ्क रहेको विषयमा २७ अङ्क ल्याउनैपर्ने जानकारी दिनुभयो ।

परीक्षा नियन्त्रक पौडेलका अनुसार ३५ प्रतिशतभन्दा कम अङ्क ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनः मौका परीक्षामा सहभागी हुनुपर्नेछ । ३५ अङ्क ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।

**परीक्षा हलभित्र पर्यवेक्षण गर्न र तस्बिर लिन रोक**

बिहीबारदेखि सुरु भएको यस वर्षको एसईई परीक्षाको हलमा प्रवेश गरेर पर्यवेक्षण गर्न र तस्बिर लिन रोक लगाइएको छ ।

परीक्षार्थीले परीक्षा दिइरहेका अवस्थामा हलभित्र प्रवेश गरी पर्यवेक्षण गर्ने र तस्बिर खिच्ने गरिएकाले उक्त कार्य गर्न नपाउने निर्णय गरेपछि पत्रकार, पर्यवेक्षक वा अन्य व्यक्तिलाई तस्बिर खिच्न रोक लगाइएको शिक्षा विकास तथा समन्वय एकाइ भक्तपुरकी प्रमुख कमला ज्ञवालीले जानकारी दिनुभयो ।

समितिको बैठकले गरेको निर्णयानुसार बिहीबारदेखि सुरु भई १७ गते सम्पन्न हुने एसईई परीक्षाको हलभित्र परीक्षा दिइरहेको अवस्थामा प्रवेश गरी तस्बिर लिन रोक लगाएको उहाँले जानकारी दिनुभयो ।

परीक्षा हलमा अनुगमन, पर्यवेक्षक र पत्रकारको नाममा जथाभावी प्रवेश गर्ने र तस्बिर लिने गर्दा विद्यार्थीलाई परीक्षामा बाधा पुग्ने गुनासो धेरै ठाउँबाट आएपछि यस्तो निर्णय गरिएको ज्ञवालीले जानकारी दिनुभयो ।

उहाँका अनुसार शिक्षा विकास तथा समन्वय एकाइसँग समन्वय गरी आधिकारिक परिचयपत्रसहित बाहिरी वातावरणको मात्र पर्यवेक्षण गर्न पाउने व्यवस्था गरिएको छ । भक्तपुरका २४ परीक्षा केन्द्रमा ६ हजार बढी विद्यार्थी सहभागी छन् । ***रासस***

## भक्तपुरका सहकारीकर्मीहरूलाई ऋण व्यवस्थापन तालिम




भक्तपुर, १५ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी सदस्यहरूको सेवा गर्नेभन्दा निजी स्वार्थ पूरा गर्नेतिर ध्यान दिने सहकारीहरू समाजमा बदनाम हुँदै गइरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको सहकारी संस्थाअन्तर्गत ऋण उपसमितिका पदाधिकारीहरूलाई ऋण व्यवस्थापनबारे तालिमको उद्घाटन गर्दै नगर प्रमुख प्रजापतिले सहकारी संस्थाका सञ्चालकहरूले इमानदार र पारदर्शी ढङ्गले काम गरेनन् भने संस्था डुब्ने खतरा रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सहकारी सदस्यहरू जति सहकारीप्रति सचेत हुन्छन्, त्यति नै सहकारी सुरक्षित हुन्छ । सबै सदस्यहरूलाई सचेत पार्ने कार्यमा सञ्चालकहरू लाग्नु आवश्यक छ ।"

भक्तपुर नगरपालिकाले सहकारी सदस्यहरूको बचत र ऋण लगानीलाई सुरक्षित गर्न र अन्यको भन्दा व्यवस्थित ढङ्गले भक्तपुरका सहकारीहरू सञ्चालन गराउनको लागि समय समयमा विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो ।

आधुनिक चीन सहकारीको जगबाट नै माथि उठेको बताउँदै उहाँले सहकारीमा रहेको रकम लेनदेनमा मात्रै सीमित नराखी सदस्यहरूलाई आत्मनिर्भर बनाउन सीपमूलक तालिम दिनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष तथा सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले सहकारीकै कारण आफ्नो पैसा डुबेर कतिपयले आत्महत्यासमेत गरेका घटनाहरू समाजमा व्याप्त रहेको बताउँदै सहकारीबाट जम्मा भएको सामुदायिक विकास कोषको रकम समुदायकै हितमा परिचालन भइरहेको बताउनुभयो ।

ऋण व्यवस्थापन तालिमका सहजकर्ता बासुदेव भट्टराईले ऋण लगानी र असुलीमा सहकारी संस्थाले ध्यान दिनुपर्ने पक्षमाथि प्रस्ट पार्नुभयो ।

कार्यक्रममा सहकारी समितिका सदस्य नारायणप्रसाद त्वानाबासुले पनि तालिमको महत्त्वमाथि प्रकाश पार्नुभयो ।

तालिममा भक्तपुर नपाभित्रका २४ वटाभन्दा बढी सहकारी संस्थाका ऋण उपसमिति संयोजक तथा सदस्यहरूको उपस्थिति थियो ।

उपभोक्ता अधिकारको रक्षा गरौं ।

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।


उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



**परीक्षा दिइँदै :**
काठमाडौँको तारकेश्वर नगरपालिका–१० मनमैजुको मानसिङ धर्म माध्यमिक विद्यालयको परीक्षा केन्द्रमा आइतबारबाट सुरु भएको एसईई परीक्षा दिइरहेका विद्यार्थी । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# वरिष्ठ इन्जिनियर राजदास श्रेष्ठको निधन





काठमाडौँ, १५ चैत । काठमाडौँ सक्व निवासी वरिष्ठ इन्जिनियर एवम् साहित्यप्रेमी राजदास श्रेष्ठको उपचारको क्रममा बिहीबार बिहान निधन भएको छ । अस्पतालको स्रोतअनुसार उहाँको निधन विष सेवनबाट भएको हो ।

विसं २००५ सालमा काठमाडौँको सक्वमा जन्मनुभएका उहाँ पेसाले केमिकल इन्जिनियर हुनुहुन्थ्यो । नेपालको पहिलो केमिकल इन्जिनियरको रूपमा परिचित उहाँले सोभियत सङ्घमा उच्च शिक्षा हासिल गर्नुभएको थियो । उहाँले रुस, दक्षिण अफ्रिका, संरा अमेरिकालगायत देशमा सेवा गर्नुभएको थियो ।

देशभक्त, समाजसेवी एवं नेपालभाषाको उत्थानमा लाग्ने एक अगुवाको रूपमा उहाँ परिचित हुनुहुन्थ्यो । सक्व अथवा शंखरापुरको सम्पदा बचाउन उहाँ आमरण अनसन बस्नुभएको थियो । नेपालको उदयपुर सिमेन्ट कारखाना स्थापनामा पनि उहाँको योगदान रहेको थियो । इन्जिनियर श्रेष्ठको जीवनका अनुभवहरू 'मजदुर' दैनिकमा साप्ताहिकरूपमा प्रकाशित भएको थियो ।

देशका दक्ष र महत्त्वपूर्ण व्यक्तिहरूलाई सरकारले सम्बन्धित काममा उपयोग गर्नुपर्ने हो; उनीहरूको जीवनबारे चासो लिनुपर्ने हो । तर, सरकारको यसतर्फ ध्यान नगएको जनताको गुनासो छ ।

दिवङ्गत श्रेष्ठको जन्म पिता तुल्सीदास श्रेष्ठ र आमा अष्टमायाको कोखबाट भएको थियो । रसियाली श्रीमती भ्यालेन्टिनाको तर्फबाट दिवङ्गत श्रेष्ठका दुई छोरा छन् ।

दिवङ्गत श्रेष्ठको बिहीबार पशुपतिमा अन्त्येष्टि गरियो । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, केन्द्रीय सदस्य राजवीर डंगोल, वैकल्पिक केन्द्रीय सदस्य नारायणबहादुर दुवाललगायत पार्टी कार्यकर्ता र नातेदारहरूले अन्त्येष्टि कार्यक्रममा श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

# स्थानीय सरकारको पर्यटन प्रवर्द्धन रणनीति र कार्य योजना तर्जुमासम्बन्धी गोष्ठी

चितवन, १५ चैत । नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र विकास परियोजनाको संयुक्त आयोजनामा स्थानीय सरकारको पर्यटन प्रवर्द्धन रणनीति र कार्य योजना तर्जुमासम्बन्धी तालिम तथा कार्यशाला गोष्ठी चितवनको सौराहामा बिहीबाट सञ्चालन भएको छ ।

३८ वटा पालिकाहरुको सहभागिता रहेको उक्त कार्यक्रममा स्थानीय तहले आफ्नो क्षेत्रमा पर्यटकीय स्थलको पहिचान गरी पर्यटन गतिविधिहरुमार्फत आय आर्जन गरी आर्थिक क्षेत्रमा आत्मनिर्भर बनाउन रणनीतिहरू बनाउनुपर्नेमा जोड दिएको छ ।



तालिम तथा कार्यशाला गोष्ठीमा पर्यटनसम्बन्धी नीति तथा कार्यक्रम महत्त्वपूर्ण हुनेबारे संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका सहसचिव गोविन्दबहादुर कार्कीले आफ्नो धारणा राख्दै तीन तहको सरकार भइसक्दा पनि सङ्घ, प्रदेश र स्थानीय तहबिच राम्रो समन्वय हुननसक्दा पर्यटन क्षेत्रमा प्रभावकारी सफलता हासिल हुन नसकेको बताउनुभयो ।

तालिम सहजकर्ता रमेशकुमार अधिकारीले पर्यटन रणनीति देशको आर्थिक विकासको लागि महत्त्वपूर्ण भएको बताउनुभयो । सहजकर्ता अधिकारीले इमानदारिता र भिजन पर्यटनमा अति आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाबारे प्रस्तुति गर्दै सहायक निर्देशक गौतमप्रसाद लासिवाले भक्तपुर नगरपालिकाले पर्यटनको आम्दानीमार्फत नगरको सरसफाइ, कला संस्कृति र सम्पदाको संरक्षणका साथ साथै शिक्षा र स्वास्थ्यमार्फत जनतालाई सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले देशलाई उपनिवेश बनाउने जस्ता स्वार्थले प्रेरित के.एफ.डब्लु.को ससर्त सहयोग भक्तपुर नगरपालिकाले स्वीकार नगरेको र स्थानीय जनताको सहयोगमार्फत पुनः निर्माण तथा मर्मत कार्य सम्पन्न भएको जानकारी गर ाउनुभयो ।

नेपाल पर्यटन बोर्डका रोहिणी खनालले पर्यटनसम्बन्धी बजारीकरण र ब्रान्डिङले अन्तर्राष्ट्रिय क्षेत्रमा पर्यटन बजार प्राप्त गर्न सकिने बताउनुभयो ।

तानका सीईओ रामप्रसाद सेडाई, यू.एन.डी.पी.का धर्मराज दवाडी र कल्पना सरेकार, नेपाल पर्यटन बोर्डका प्रचार शाखाका टीपी भूषाल र नारद बास्तोलाले सञ्चार, प्रविधि र यसको आवश्यकताबारे बोल्नुभएको थियो ।

कार्यशाला गोष्ठीका प्रस्तुतकर्ताहरू र भीमेश्वर नगरपालिकाका प्रमुख इन्द्रबहादुर मानन्धरलाई भक्तपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष एवं वातावरण तथा पर्यटन समितिका सदस्य कृष्णप्रसाद कोजुले भक्तपुर नगरपालिकाका प्रकाशनहरू प्रदान गर्नुभएको थियो ।

# नगर प्रमुख प्रजापतिद्वारा नगर प्रहरी जवानलाई मार्गनिर्देशन



भक्तपुर, १५ चैत । भक्तपुर नगरपालिकाले नगर प्रहरीको व्यवस्था गरेको छ । नगरपालिकाले नगर प्रहरी निरीक्षकको सहयोगमा पहिलोपटकको लागि २२ जना नगर प्रहरी छनोट गरी नगर प्रहरीहरूको लागि आधारभूत तालिम सञ्चालन गर्ने भएको छ ।

तालिममा सहभागी नगर प्रहरीलाई बिहीबार भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले मार्गनिर्देश गर्दै नगर प्रहरीले नगरपालिका र जनताबिच समन्वयकर्ताको भूमिका निर्वाह गरी जनताको भावना बुझेर मित्रवत् ढङ्गले काम गर्नुपर्ने बताउनुभयो ।

नगर प्रहरीको काम नगरपालिकासँग प्रत्यक्ष सरोकार भएको विषय हो र नगर प्रहरीले असल व्यवहार, बोलीबचन, अनुशासित र इमानदारिताका साथ काम गर्न प्रमुख प्रजापतिले प्रेरित गर्नुभयो ।

उहाँले नगर प्रहरीले नगरपालिकाको निर्देशन र आवश्यकताअनुसार दमकल र एम्बुलेन्सले जस्तै काम गर्न सधैँ तत्पर भएर बस्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाले नगरको सन्तुलित विकासको लागि योजनाबद्ध ढङ्गले काम गर्दै आइरहेको उल्लेख गर्दै उहाँले भक्तपुर क्षेत्रफलको हिसाबले सानो नगरपालिका भए पनि चुनौतीहरू धेरै भएको नगर पनि हो भन्नुभयो ।

सो अवसरमा उपप्रमुख रजनी जोशीले भक्तपुर नपामा नगर प्रहरी व्यवस्थापनसँगै नगरका सबै क्षेत्र व्यवस्थित हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । नगर प्रहरी नगरपालिकाको नीति र निर्देशनअनुसार इमानदारीपूर्वक परिचालन हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवालले नगर प्रहरीको काम, कर्तव्य र अधिकारमाथि प्रकाश पार्नुभयो ।

भक्तपुर नगरपालिकाको नगर प्रहरी निरीक्षक नारायण चुवानले चैत १५ गतेबाट नगर प्रहरीहरूलाई तालिम सञ्चालन हुने जानकारी गराउनुभयो ।

# दूधपाटीमा बजार अनुगमन

भक्तपुर, १५ चैत । भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा दूधपाटीमा १२ वटा बर्गर हाउस, चिकेन स्टेसन, गेस्ट हाउस र रेष्टुराँहरूमा दुई दिन अनुगमन गरियो । उक्त अनुगमनमा म्याद नाघेका सामानहरू जफत गरी नष्ट गरिएको थियो ।

अनुगमनमा द वर्गर हाउस एन्ड क्रन्ची फ्राइड तीन दिनभित्र नवीकरण गरी नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई भ्याट वा प्यान बिल प्रयोग गर्न निर्देशन दिइयो ।

मिलोको नवीकरण गर्न, कान्तिपुर गेस्ट हाउस नवीकरण गर्न र एउटा दर्ता गरी दुईवटा गेस्ट हाउस सञ्चालन भएकोले छुट्टाछुट्टै दर्ता गर्न, लुम्बिनी गेस्ट हाउस एन्ड रेस्टुरेन्ट नवीकरण गर्न र म्याद नाघेको भक्तपुर न्यु चाउचाउ जफत गरी नष्ट गरियो ।

होटल प्रिशा क्याफे गार्डेनमा भ्याट वा प्यान बिल प्रयोग गर्न र म्याद नाघेका सामानहरू टेस्ट पिक्सल चकलेट टोफिङ १ र एस एन्ड एस सस २ वटा र बिग्रेको मासु ३ केजी जफत गरी नष्ट गरियो ।

ले हापि तीन दिनभित्र दर्ता गर्न, किचेन फोहर र दुर्गन्धित भएकोले सरसफाइ गर्न आग्रह गरियो ।

लुम्बिनी गेस्ट हाउस एन्ड तन्दुरी भोजनालय साधारण रेस्टुरेन्टमा दर्ता भएकोले गेस्ट हाउसमा दर्ता गरी तीन दिनभित्र नगरपालिका कार्यालयमा उपस्थित हुन निर्देशन दिई बिल बिजकको क्रम सङ्ख्या र नयाँ आबमा नयाँ क्रम सङ्ख्या अनुसार हुनुपर्ने र ट्यारिफसमेत राख्न निर्देशन दिइयो ।

भक्तपुर गेस्ट हाउसमा दर्ता प्रमाणपत्र नभएकोले तीन दिनभित्र दर्ता प्रमाणपत्रसहित कार्यालयमा उपस्थित हुन, पानमा दर्ता गर्न, सरसफाइमा ध्यान दिन निर्देशन दिइयो ।

दि तिशा इनमा म्याद नाघेको र बिग्रेका मासु ५ केजी, फ्रेन्सफ्राइ २ केजी, म्याद नाघेको खाद्य रङ्गहरू, मसलाहरू जफत गरी नष्ट गरियो ।

अनुगमन समितिका सदस्य एवम् वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशनमैयाँ सुवाल, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेसनका नगर निरीक्षक दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, जिल्ला प्रशासन कार्यालय, भक्तपुरका हरिहर काफ्ले, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक अशोक विष्ट, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, उद्योग वाणिज्य सङ्घका विश्वराम दुवाल, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, पशुसेवा कार्यालयका पार्वती योञ्जनको सहभागिता थियो ।

# देशभर बदलीसँगै केही दिन वर्षा जारी रहने

काठमाडौँ, १५ चैत । पश्चिमी वायुको प्रभावले वाग्मती, कोशी र गण्डकी प्रदेशमा निरन्तर वर्षा भइरहेको छ । देशभर बदलीसँगै केही दिन वर्षा जारी रहने जल तथा मौसम विज्ञान विभाग, मौसम पुर्वानुमान महाशाखाले जनाएको छ ।

विभागका मौसमविद् गोविन्दकुमार झाका अनुसार पश्चिमी वायु, स्थानीय वायु र अरब सागरबाट आएको जलवास्पयुक्त हावाको प्रभावले नेपालको मौसममा प्रभाव देखिएको हो ।

मौसमविद् झाले रासससँग कुरा गर्दै भन्नुभयो, "अहिले काठमाडौँ उपत्यकासहित देशभर आंशिकदेखि सामान्य बदली रहेको छ । यो क्रम अझै केही दिन जारी रहनेछ ।" ***रासस***

## सङ्क्षिप्त समाचार

### प्रतिकूल मौसमले हवाई उडान प्रभावित

काठमाडौँ, १५ चैत । प्रतिकूल मौसमका कारण मुलुकको हवाई उडान सामान्य प्रभावित भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार ‘भिजिबिलिटी’ कमजोर हुँदा आन्तरिक र अन्तर्राष्ट्रिय दुवैतर्फको उडान प्रभावित भएको हो । विमानस्थलका प्रवक्ता सुवास झाले भिजिबिलिटी कमजोर हुँदा केही अन्तर्राष्ट्रिय उडान प्रभावित भएको बताउनुभयो ।

उहाँका अनुसार एयर चाइनाको जहाज ‘डाइभर्ट’ भएको छ भने अन्य जहाज आकाशमा फन्को लगाउने (होल्ड) भएका छन् । अहिले पनि सिचुवना एयरलाइन्सको जहाज होल्डमा रहेको छ । प्रतिकूल मौसमले विमानस्थलको भिजिबिलिटी कमजोर रहेको छ । एक घण्टाअगाडि एक हजार ६ सय मिटरमात्रै भिजिबिलिटी रहेकामा अहिले दुई हजार पाँच सय रहेको छ ।

“होल्डमा रहेका अन्तर्राष्ट्रिय उडानका जहाज अवतरण हुन थालेका छन्,” प्रवक्ता झाले भन्नुभयो । आन्तरिकतर्फ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भएको छैन । तराई क्षेत्रका विमानस्थलमा भने नियमित उडान भइरहेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा तीन नेपालीसहित ३० वायुसेवा प्रदायक कम्पनीले अन्तर्राष्ट्रिय उडान भर्दै आएका छन् । आन्तरिकतर्फ १२ हेलिकप्टर कम्पनीसहित २० वायुसेवा प्रदायकले उडान सेवा दिइरहेका छन् । ***रासस***

### हुम्लामा आयो पोषणयुक्त चामल

सिमकोट, (हुम्ला), १५ चैत । हुम्लामा २३ सय ४० क्विन्टल पोषणयुक्त चामल ल्याइएको छ । पैदल र हवाइमार्गबाट ल्याइएको चामल बिक्री भइरहेको खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका नायब सुब्बा नवीनप्रसाद आर्चायले बताउनुभयो ।

खाद्यसंस्था शाखाको गोदाम सिमकोटमा आइपुगेकामध्ये आठ सय ९० क्विन्टल चामल बिक्री भएको उहाँले बताउनुभयो । जिल्लाको उत्तरी नाम्खा गाउँपालिकामा रहेको वितरण केन्द्रबाट एक सय सात र श्रीनगर वितरण केन्द्रबाट दुई सय क्विन्टल चामल बिक्री भएको उहाँले जानकारी दिनुभयो । चामलमा आठ प्रकारका पौष्टिक तत्व मिसाइएको छ ।

यसैबिच, हुम्लाका निम्ति छुट्याइएको १४ हजार क्विन्टल चामल पनि ढुवानी भइरहेको उहाँले बताउनुभयो । पौष्टिक तत्व प्रयोग नगरिएको यसअघि ढुवानी हुँदै आएको नियमित कोटाको आठ हजार पाँच सय क्विन्टल चामल हवाइमार्गबाट ल्याइएको छ । ***रासस***

# सर्लाहीबाट १० निरीक्षक निष्काशित, एक परीक्षार्थीले हिरासतबाटै परीक्षा दिए

बरहथवा (सर्लाही), १५ चैत । सर्लाहीबाट माध्यमिक शिक्षा परीक्षा (एसईई) का १० परीक्षा निरीक्षक निष्कासनका परेका छन् ।

बिहीबारदेखि सुरु भएको परीक्षामा मर्यादा कायम नगरेको आरोपमा १० जना परीक्षा निरीक्षकलाई कारबाही गरिएको हो । कारबाहीस्वरूप उनीहरूलाई जारी एसईईमा निरीक्षकका रूपमा बस्न नदिने गरी निष्कासन गरिएको शिक्षा विकास तथा समन्वय एकाइका निमित्त प्रमुख रामवृक्ष महतोले जानकारी दिनुभयो ।

कारबाहीमा पर्ने निरीक्षक जिल्लाका दक्षिणी क्षेत्रका परीक्षा केन्द्रका रहेका जनाइएको छ । गोडैता नगरपालिकास्थित बेणीभोला माध्यमिक विद्यालय, जनता नमुना माध्यमिक विद्यालय, जनता मावि रामवन र बलरा नगरपालिकास्थित रामसखी मोहितसिंह मावि, जनता मावि, नेपाल राष्ट्रिय रामचन्द्र शिवचन्द्र माविका परीक्षा केन्द्रका निरीक्षकलाई कारबाही गरिएको जिल्लास्तरीय परीक्षा समन्वय समिति अध्यक्ष प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले जानकारी दिनुभयो ।

यसैबिच जिल्लामा छिटफुटबाहेक पहिलो दिनको एसईई परीक्षा शान्तिपूर्णरूपमा सम्पन्न भएको जिल्लास्तरीय परीक्षा समन्वय समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी धमलाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “परीक्षा विगतको तुलनामा निकै मर्यादित बनेको छ । हामीले सुरक्षा तथा अनुगमनलाई निकै चुस्त बनाएका छौँ ।”

यस वर्ष सर्लाहीबाट एसईईमा १० हजार आठ सय ९६ परीक्षार्थी सहभागी भएका छन् । शिक्षा विकास तथा समन्वय एकाइका अनुसार छ हजार सात सय ८३ छात्रा र चार हजार एक सय १३ छात्रले परीक्षा दिइरहेका हुन् । एक सय ५८ जनाले ग्रेड वृद्धिका लागि परीक्षा दिन लागेका हुन् । जिल्लाका एक सय पाँच सामुदायिक र ४५ संस्थागत विद्यालयका छात्रछात्राले एसईईमा सहभागिता जनाएका छन् ।

एकाइका अनुसार सामुदायिक विद्यालयबाट नौ हजार पाँच सय ६२ र संस्थागत तर्फबाट एक हजार तीन सय ३४ छात्रछात्रा एसईईमा सहभागी हुने शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख महतोले जानकारी दिनुभयो ।

यस्तै जिल्लामा यस वर्ष ३८ परीक्षा केन्द्र तोकिएको छ । गत वर्ष ३७ परीक्षा केन्द्र तोकिएकामा यस वर्ष हरिपुर नगरपालिका-१ लक्ष्मीपुरस्थित रामऔतार लक्ष्मीनिया मावि हजारबिगाह थपिएर ३८ पुगेको समन्वय एकाइका प्राविधिक सहायक सुनिल कुशवाहले जानकारी दिनुभयो ।

कुशवाहका अनुसार यस वर्ष परीक्षा सञ्चालनका लागि यहाँ ३८ केन्द्राध्यक्ष, ७३ सहायक केन्द्राध्यक्ष, पाँच सय ४४ निरीक्षक, एक सय तीन सय परीक्षा सहायक र अन्य गरी एक हजार १६ जनशक्ति परिचालन गरिएको छ । परीक्षालाई अनुशासित र मर्यादित बनाउन सबैसँग समन्वय गरिएको उहाँले बताउनुभयो ।

**एक छात्रले प्रहरी हिरासतबाटै परीक्षा दिए**

यस्तै सर्लाहीमा एक छात्रले प्रहरी हिरासतबाटै एसईई परीक्षा दिएका छन् । वाग्मती नगरपालिका-२ निवासी एक छात्रले इलाका प्रहरी कार्यालय हरिवनको हिरासतबाटै परीक्षा दिएको इलाका प्रहरी कार्यालयका प्रमुख अनिलराज गिरीले जानकारी दिनुभयो ।

आफ्नै आमाको आत्महत्या दुरुत्साहन मुद्दामा अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेका उनका लागि हिरासतमै परीक्षाको व्यवस्था मिलाइको प्रहरीले जनाएको छ । ***रासस***



**अलपत्र पक्की पुल**

गोदावरी नगरपालिका-५ सुनिखोलामा अलपत्र अवस्थामा पारिएको निर्माणाधीन पक्की पुल । रु. तीन करोड ७७ लाखको लागतमा निर्माणाधीन सो पुलको ठेक्का सम्झौताको म्याद २०८० असारमा सकिएको जनाइएको छ । *तस्बिर : मीन ठकुरी/रासस*

# चिनियाँ पर्यटकको रोजाइमा बन्दीपुर

तनहुँ, १५ चैत । बन्दीपुरमा चिनियाँ पर्यटकको चहलपहल बढेको छ । पर्यटकका लागि घुम्ने याम सुरु भएसँगै विदेशी पर्यटकको आवागमनमा वृद्धि भएको हो । गत वर्षको तुलनामा यो वर्षको भदौ यता बन्दीपुरमा चिनियाँ पर्यटकको सङ्ख्या बढेको होटल व्यवसायी बैंस गुरुङले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “हप्ताको दुई/तीन दिन चिनियाँ पर्यटक करिब पाँच/६ सयका दरले आउने गरेका छन् । जर्मनी, श्रीलङ्का, ताइवानी स्पेनलगायत देशबाट दैनिक दुई सयको हाराहारीमा पर्यटक आउने गरेका छन् ।”

कोरोनाको समयपछि यहाँका होटल व्यवसायले बिस्तारै गति लिन थालेकाले व्यवसायी उत्साहित भएर लागेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “पछिल्लो समय विदेशी पर्यटकको तुलनामा स्वदेशी पर्यटकको सङ्ख्या केही घटेको छ । दैनिक करिब तीन सयको सङ्ख्यामा स्वदेशी पर्यटक आउने गरेका छन् ।”

**प्याराग्लाइडिङले पर्यटक बढे**

त्यसैगरी, साहसिक खेल प्याराग्लाइडिङले बन्दीपुरमा आन्तरिक एवं बाह्य पर्यटकको चहलपहल बढाएको छ । बन्दीपुरको भञ्ज्याङ चौताराबाट सिमलटारसम्म गरिने प्याराग्लाइडिङमा पर्यटकको आकर्षण बढेको हो ।

समुद्र सतहबाट एक हजार दुई सय मिटर उचाइमा रहेको भञ्ज्याङ चौताराबाट उडान सुरु भई करिब १०० मिटरसम्मको उचाइमा मुकुन्देश्वरी डाँडा छेउ हुँदै मनोरञ्जन लिन सकिनेछ । उडानका क्रममा बन्दीपुरको ‘एरियल भ्यु’ का साथै मर्स्याङ्दी उपत्यका धौलागिरिदेखि लाङ्टाङसम्मको एकैसाथ दृश्यावलोकन गर्न सकिन्छ ।

विगत पाँच वर्षदेखि यो प्याराग्लाइडिङ सञ्चालन हुँदै आएको छ । ब्लुस्काइ कम्पनीले प्याराग्लाइडिङ सञ्चालन गरी मनोरञ्जन प्रदान गर्दै आएको बन्दीपुर गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले जानकारी दिनुभयो । प्याराग्लाइडिङका लागि फागुन, चैत र वैशाख महिना उत्तम मौसम मानिने भएकाले पर्यटकको चहलपहल बढ्न थालेको हो । उक्त स्थानबाट ३०/४० जनासम्म उड्नसक्ने क्षमताको रहेको छ । उड्नुअघि गाउँपालिकाबाट अनुमति लिनुका साथै प्रतिव्यक्ति रु. एक हजार राजस्व बुझाउनुपर्ने व्यवस्था रहेको उहाँले बताउनुभयो ।

नेवारी तथा आदिवासी जनजातिका संस्कृतिसँगै प्राकृतिक छटाले भरिपूर्ण बन्दीपुरमा सयौँ वर्ष पुरानो बजार, मठ, मन्दिर, गुफा, आँखै अगाडि देखिने हिमालको मनोरम दृश्य तथा साहसिक गन्तव्यले पर्यटकको मन लोभ्याउने गर्दछ । प्रि-बुकिङमार्फत १५ देखि ३० मिनेटको उडान र त्यसभन्दा माथि ४५ मिनेटदेखि करिब एक घण्टासम्मको उडान चराझैँ उडेर गर्न प्याराग्लाइडिङ पाइलट समय प्रधानले बताउनुभयो ।

बन्दीपुरमा स्थायी घर भएका प्रधानले समय र मौसम अनुकूल प्याराग्लाइडिङको मज्जा लिन सकिने बताउनुभयो । हाल पोखरामा प्याराग्लाइडिङ सेवामा कार्यरत रहेका प्रधान निकट भविष्यमा बन्दीपुरमै प्याराग्लाइडिङको सेवा विस्तार गर्न आफू लागिपरेको उहाँले जानकारी दिनुभयो ।

केही दिनअघि प्याराग्लाइडिङको अनुभव लिनुभएका बन्दीपुर गाउँपालिका अध्यक्ष थापाले बन्दीपुरलाई साहसिक गन्तव्यस्थल बनाउन पर्याप्त सम्भावना रहेको बताउनुभयो । गाउँपालिकाले मात्रै बजेट व्यवस्थापन गरेर नपुग्ने भएकाले पर्यटन प्रवर्द्धनका लागि प्रदेश तथा सङ्घीय सरकारमा बजेट व्यवस्थापनका लागि आग्रह गरिएको उहाँले बताउनुभयो । ***रासस***

# शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा खरमयुर गणना सुरु

कञ्चनपुर, १५ चैत । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सङ्कटापन्न खरमयुर गणना सुरु भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अगुवाइमा निकुञ्जसँगको सहकार्यमा नेपाल पन्छी संरक्षण सङ्घले विश्वमा दुर्लभ मानिएको खरमयुर गणना थालेको हो ।

निकुञ्ज, नेपाल पन्छी संरक्षण सङ्घ, नेपाली सेना, शुक्लाफाँटा गाइड एसोसिएन, चरा विज्ञलगायत गरी २० जनाको टोली गणनका लागि खटिएको छ । निकुञ्जभित्रका शुक्लाफाँट, करैया फाँटा, राधापुर फाँटा, मोहनपुर फाँटालगायत क्षेत्रमा स्वीप विधिको प्रयोग गरी खरमयुर गणना सुरु गरिएको निकुञ्जका संरक्षण अधिकृत मनोज ऐरले बताउनुभयो ।

उहाँले भन्नुभयो, “निकुञ्जसँगै जोडिएको किसान मध्यवर्ती सामुदायिक वनभित्र पनि गणनको हुन्छ । खरमयुर गणनाका लागि छनोट गरिएका घाँसे मैदानलाई ६ वटा ‘ब्लक’ मा विभाजन गरी बिहीबारदेखि १० दिनसम्म गणना गरिनेछ ।”

विगतमा खरमयुर पाइएका क्षेत्रलाई आधार मानेर गणनाका लागि स्थान छनोट गरिएको जानकारी दिँदै उहाँले ‘स्वीप’ विधिअन्तर्गत मानव साङ्लो बनाएर गणना गरिने बताउनुभयो ।

संरक्षण अधिकृत ऐरले भन्नुभयो, “जेडएसएल नामक संस्थाको सहयोगमा ‘क्यामेरा ट्र्यापिङ’ का माध्यमबाट पनि १५ दिनसम्म गणना गरिने छ । यसका लागि निश्चित दूरीमा स्वचालित क्यामेरा जडान हुनेछ ।”

मयुर गणना हुने स्थानमा ‘टावर प्वाइन्ट’ राखेर ‘क्यामेरा, टेलिस्कोप, वाइनाकुलर’ को सहायताले खरमयुरको सङ्ख्या यकिन गरिने नेपाल पन्छी संरक्षण सङ्घका चराविज्ञ हिरूलाल डगौराले बताउनुभयो ।

उहाँका अनुसार मार्च महिनाको अन्तिम हप्तादेखि अप्रिल महिनाको पहिलो हप्तासम्म प्रत्येक वर्ष सङ्घले निकुञ्जसँग सहकार्य गरी खरमजुर गणनाको गर्दै आएको छ । घाँसेमैदानमा घाँस छोटो हुने भएकाले यसबेला खरमजुर देखापर्ने गर्दछन् । खरमयुरको प्रजनन समय भएकाले तिनलाई देखिने चराविज्ञ डगौराले बताउनुभयो । “खरमजुरको प्रजनन समय साँझ- बिहान भएकाले गणनाका लागि बिहान ६ बजेदेखि १० बजेर ३० मिनेट र साँझ ३ बजेदेखि ६ बजेर ३० मिनेटको समय निर्धारण गरेका छौँ,” उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, “नेपाल-भारत, भियतनाम र कम्बोडियामा गरी दुई सय ५० देखि नौ सयसम्म खरमजुर पाइने गर्दछ । यो अतिसङ्कटापन्न प्रजातिका रूपमा रहेको छ । संरक्षणका लागि भरपर्दो कार्य नगरिए आगामी केही दशकमा यी लोप हुने अवस्था छ ।”

खरमजुरको बासस्थान भनेकै घाँसेमैदान हो । अतिक्रमणको चपेटमा परेर मासिँदै जानु, प्रतिवर्ष हुने आगलागीले खरमजुरको बासस्थान मासिँदै जानु चिन्ताको विषय भएको उल्लेख गर्दै उहाँले गणनाका क्रममा बासस्थानको अवस्था, आहाराको अवस्थालगायतबारे अध्ययनको गरिने बताउनुभयो ।

खरमजुर शुक्लाफाँटा, चितवन, बर्दिया राष्ट्रिय निकुञ्जसँगै कोसीटप्पु वन्यजन्तु आरक्षमा पाइन्छन् । नेपालका यी संरक्षित क्षेत्रमा ६० देखि एक सयको सङ्ख्यामा खरमयुर रहेका अनुमान छ । संरक्षण अधिकृत ऐरका अनुसार गत वर्षको गणनामा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पाँच वटामात्रै खरमजुर फेला परेका थिए । त्यसको अघिल्लो वर्ष सात वटा फेलापरेका थिए । सबैभन्दा बढी कोसीटप्पु वन्यजन्तु आरक्षमा २२ वटा खरमजुर फेलापरेका थिए । अधिकृत ऐरले भन्नुभयो, “वर्षाका बेला घाँसेमैदानमा पानी भरिने भएकाले निकुञ्ज नजिकैका उकासका क्षेत्रमा खरमयुर बस्ने गर्छन् । वर्षा याम सकिएपछि पुन:घाँसेमैदानमै फर्कने गर्छन् ।”

खरमयुर सिरु जातको खरले ढाकिएका मैदानमा बस्ने, त्यही गुँड लगाएर चल्ला हुर्काउने गर्छन् । खरमा बस्ने भएकाले यो प्रजातिका मयुरलाई खरमयुर भनिएको उहाँले बताउनुभयो । खरमजुरसँगै निकुञ्जमा चार सय ५४ प्रजातिका चरा पाइन्छन् । खरमयुरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षित पन्छीका रूपमा सूचीकृत गरेको छ । ***रासस***

# महोत्तरीमा सामुदायिक विद्यालयबाट एसईईमा सहभागी छात्रा अधिक

महोत्तरी, १५ चैत । माध्यमिक शिक्षा परीक्षा (एसईई) मा महोत्तरीका सामुदायिक विद्यालयबाट यस वर्ष छात्रको तुलनामा बढी छात्रा सहभागी भएका छन् । जिल्लाका एक सय दुई सामुदायिक विद्यालयबाट चार हजार एक सय ४९ छात्रा एसईईमा सहभागी भएका हुन् । सामुदायिक विद्यालयका कूल परीक्षार्थीमा छात्रको सङ्ख्या तीन हजार नौ सय आठ रहेको शिक्षा विकास तथा समन्वय एकाइ कार्यालयले जनाएको छ ।

संस्थागत र प्राविधिक समूहतर्फ भने छात्रको सङ्ख्या बढी छ । जिल्लाका ३० संस्थागत विद्यालयबाट एसईईमा चार सय ७७ छात्र सहभागी छन् । यिनमा छात्राको सङ्ख्या दुई सय ९७ मात्र छ । यसैगरी, प्राविधिक समूहतर्फ पनि छात्र बढी छन् । प्राविधिक समूहतर्फ तीन सय २६ छात्र र छात्रा एक सय ५८ छन् ।

जिल्लाका एक सय दुई सामुदायिक तथा ३० संस्थागतसमेत एक सय ३२ माध्यमिक विद्यालयका जम्मा नौ हजार चार सय ३१ परीक्षार्थी एसईईमा सामेल भएका छन् । परीक्षार्थीमध्ये छात्र चार हजार सात सय ७० र छात्रा चार हजार ६ सय ६१ रहेका शिक्षा विकास तथा समन्वय एकाइ कार्यालय महोत्तरीका निमित्त प्रमुख प्रतिभा साहले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

# के देशको सरकार जिउँदै छ ?

तराई मरूभूमि बन्ने चर्चा नयाँ होइन। झन्डै पञ्चायतकालदेखि नै गुनासो र खबरदारी चालु छ। पञ्चायत विकासको निम्ति बाधा थियो भने तर, त्यो पञ्चायत आज छैन। तर, सूर्यबहादुर थापा र चन्दजस्ता पञ्चायतकालीन प्रधानमन्त्रीहरू पनि दोहोऱ्याई तेहऱ्याई प्रधानमन्त्री र मन्त्रीहरू भए। बहुदलीय व्यवस्थामा खोइ त तराईलाई मरूभूमीकरणबाट रोकथामको निम्ति नीति र कार्य थालनी गरेको ?

पञ्चायत गए पनि नगए पनि तराईको मरूभूमीकरण रोकिएन, पञ्चायती प्रधानमन्त्री र बहुदलवादी प्रम हुँदा पनि समस्या जस्ताको तस्तै छ। मानिस फेरे पनि अर्थात् गणतन्त्रवादीहरू सरकारमा बसे पनि, पञ्चायतवादी, राजावादी भए पनि, बहुदलवादी भए पनि तराई मरूभूमीकरण नै भइरहनुमा के छिमेकी दोषी हो भन्नमात्रै डराएका हुन् सत्तासीनहरू ?

हुँदा हुँदा तराईकै छोरो डा. रामवरण यादव राष्ट्रपति भए र चुरे र मधेश मरूभूमि बन्नेबारे खबरदारी गरिरहे - पदमा बस्दा र पदबाट अलग हुँदा पनि। तब दोषी को हो ? के यसको निम्ति भारतका बालुवा ठेकेदारहरू दोषी हुन् ?

पूर्वराष्ट्रपति डा. यादवले पुनः मुख खोले - 'चुरे दोहनले मधेस झन्झन् गरिब भयो। (अन्नपूर्ण पोष्ट, ११ चैत २०८०)। सत्य के हो भने नेपालमा हिमाल र नदीनालाहरू धेरै भए पनि काठमाडौँ उपत्यका नै आज पनि प्यासी छ, तीन-चार दिनमा एक दिनको एक-दुई घण्टा पानी आउँछ।

यसकारण, गरिब र धनी देश मरूभूमि बन्ने र हरियो भन्ने प्राकृतिक साधनको प्रचुरता भन्दा बन्दोबस्त र शासन व्यवस्था के हो भन्नेमा भर पर्छ। 'भारत महान् छ' तर आधा जनसङ्ख्या एक छाक खान्छ भन्ने भनाइ छ - चाहे काङ्ग्रेस सत्तामा होस् वा भाजपा ! दुवै पुँजीवादी दलहरू हुन्। भारतको समस्या यथावत छ भनेजस्तै नेपालमा पञ्चायती, प्रजातन्त्रवादी वा गणतन्त्रवादी जोसुकै सत्तामा पुगे पनि पुँजीवादी भएको हुँदा समस्या जहाँको तहीँ छ।

यसकारण, ११ चैत २०८० को 'अन्नपूर्णपोष्ट' लेख्छ - 'महोत्तरीको रातु नदीमा भइरहेको उत्खनन', .... 'मधेसलाई मरूभूमीकरण गर्ने चलखेल' हो। यसमा दोषी भारतीय एकाधिकार पुँजीवाद हो। नेपालको वन-जङ्गल नास गर्ने, वातावरण प्रदूषित बनाउने, विनाभन्सार भन्सार तिरी सामानको चोरी आयात र निर्यात गर्ने तस्करहरू, नक्कली नोट भित्र्याउने, लागुपदार्थ नेपाल पठाउने, विषालु तरकारी र फलफुल नेपाल भित्र्याउने, अपराधीहरू भित्र्याउने सबै भारतीय एकाधिकार पुँजीकै दलालहरू हुन्।

सारमा, भारतमा समाजवादी व्यवस्थाले स्थायित्व पाएपछि मात्रै नेपाली जनताको आधा समस्या समाधान हुनेछ। त्यो परिस्थिति ल्याउन नेपाली र भारतीय किसान, मजदुर, दलित, मध्यमवर्ग र बुद्धिजीवी समुदायले पुँजीवादी व्यवस्थाको विरोधमा नैतिक र भौतिक सङ्घर्ष नथालेसम्म दक्षिण एसियाली देशहरूले सुख पाउने छैनन्। नेपालको तराईका प्रगतिशील जनता, दल र बुद्धिजीवीहरू उठेपछि तराई उठ्नेछ, तराई उठेपछि नेपाल समाजवादको निम्ति उठ्नेछ।

**अर्थतन्त्रको बेहाल किन ?**

नेपालजस्तो विकासशील देशमा कर, भन्सार, कृषि, कुटिर व्यवसाय, स-साना उद्योग र व्यापारमा स्वाभाविक अन्तर्राष्ट्रिय, विशेष गरेर आफ्ना छिमेकीहरूका अर्थतन्त्रको तल-माथिको प्रभाव पर्नु स्वाभाविक हो। साथै, नेपालजस्तो आफूभन्दा बलियो अर्थतन्त्र र पुँजीवादी अर्थतन्त्र (आर्थिकरूपले कमजोर अर्थतन्त्र भएको छिमेकीलाई थिच्ने, विकास गर्न नदिने र बजारलाई कब्जा गरी शोषण गर्ने चरित्र भएको आर्थिक व्यवस्थाको छिमेक) को छिमेकको अस्वाभाविक प्रभावले अगाडि बढ्ने प्रबल सम्भावना भए पनि कमजोर देश उठ्न सक्दैन।

बलियो पुँजीवादी अर्थतन्त्र भएको छिमेकले नेपालजस्तो कमजोर र खुला सीमा भएको देशमा आफ्ना व्यापारी र उद्योगपतिहरूले व्यापारको ८० प्रतिशत भाषा स-साना उद्योग र बैङ्कहरूसमेत आफ्नो मुठीमा पारेको हुन्छ। शासक दलहरू, सिंहदरबार (कार्यपालिकाको केन्द्र), सेना, प्रहरी र गुप्तचर विभागसमेतमा आर्थिक प्रभावको कारण देशको आधार व्यापार चोर बाटोबाट ल्याई भन्सार वा आम्दानी घटाउने, तेलले चल्ने गाडी, विद्युत् गाडी आदि सबै एउटै देशको हुन्छ, भन्सारदेखि अर्थमन्त्रालयसम्म तिनीहरूको मुठीमा हुन्छ। सारमा, अर्थतन्त्रको ८० प्रतिशत परचक्रीकै मुठीमा आउँछ। अनि नेपालजस्तो राजनीतिक र बौद्धिकरूपले औपनिवेशिक दासतामा कुँजिएको कुनै पनि देश उठ्नै सक्दैन।

नेपालजस्तो देशले राष्ट्रिय स्वतन्त्रता र सार्वभौमिकतामा अडान राख्ने र सरकारमा देशभक्तहरू पुगेनन् भने देश परतन्त्र साबित हुन्छ।

## कमलपोखरीको सुनुवाइमा ढिलाइ

सर्वोच्च अदालतमा 'थ बहि' कमलपोखरीमा बनेको छायादेवी कम्प्लेक्सको चैत २० गतेको पेशीबारे विभिन्न पत्रपत्रिकाले समाचार प्रकाशित गरेका छन्। सो पत्रिकाले वर्तमान सरकारका मन्त्रीले नै छानबिन गर्ने भनेर जनताको ध्यान र विश्वासलाई अदालतबाट हटाउने प्रयास गरेको देखिन्छ। यदि यो सत्य हो भने ठुलो अपराध हो। यस विवादको निर्णय सर्वोच्च अदालतबाट नै हुनुपर्छ। अदालतबाट नै न्याय पाउँछ भन्ने जनताको विश्वास छ। यसले अदालतप्रति जनताको विश्वास अझ बढ्छ।

कानुनमा सार्वजनिक सम्पदा, पोखरी अन्य कुनै पनि स्थानमा मोही नलाग्ने कानुनी व्यवस्था हुँदाहुँदै मोही कायम गरेको त्रुटिपूर्ण फैसलाको जगमा निर्माण गरेको छायादेवी कम्प्लेक्सको अब भविष्य नभएको देखेर नै विभिन्न नचाहिने कुरा छापामा आएको देखिन्छ। बरु ती त्रुटीपूर्ण फैसला गर्ने न्यायाधीशलाई नसिहत दिएको समाचार पो आउनुपर्ने हो। चाँडो न्याय दिन नचुकून् भनेर घच्घच्याउने समाचार पो बन्नुपर्ने हो। सरकारका उच्चपदस्थ मन्त्री पदमै आसीन व्यक्तिले अदालतमा विचाराधीन मुद्दाबारे छानबिन गर्ने र न्याय दिने कुनै अधिकार छैन।

- नरेश, काठमाडौँ



**पाठक पत्र**

majdurdaily@gmail.com

# यहुदीविरोध उद्योगले पश्चिमा शासकहरूको सेवा गर्छ

✍ जोनाथन कुक

धेरै वर्षअघिको कुरा हो। यहुदी अमेरिकी विद्वान नर्मन फिङ्केल्स्टिनले एउटा बहुचर्चित पुस्तकले लेखे। त्यो किताबले ठुलै खैलाबैला मच्चायो। खासगरी 'होलोकस्ट उद्योग' ले जुन समूहको मकुन्डो उदाङ्ग्याएको थियो, तिनीहरू बेस्सरी आत्तिए। यी मानिसहरू नाजी नरसंहार होलोकस्टका प्रत्यक्ष पीडित थिएनन्। तर, तिनले दोस्रो विश्वयुद्धमा यहुदीहरूले भोगेका दुःखकष्टबाट फाइदा उठाएर नाफा कमाउने बाटो रोजेका थिए।

यहुदी समुदायका नेताको रूपमा मानमनितो पाएका ती व्यक्तिहरूको रुचि होलोकस्टबाट ज्यान जोगाई भागेका वास्तविक पीडितलाई सघाउनुमा थिएन। अर्को होलोकस्ट रोक्नुमा पनि तिनको एकरत्ती रुचि थिएन। होलोकस्टलाई जीवनको मन्त्र बनाएका व्यक्तिले यी कुरालाई उच्च प्राथमिकतामा राख्नैपर्ने हो। यथार्थ भने अर्कै छ। होलोकस्ट उद्योगले जर्मनीजस्ता देशहरूसँग लाखौँलाख रकम क्षतिपूर्ति पनि माग्यो। तर, त्यसको एक अंश पनि वास्तविक होलोकस्ट पीडितहरूको हातमा पुगेन। यसको प्रमाण फिङ्केल्स्टिनले आफ्नो पुस्तकमा दस्तावेजीकरण गरेका छन्।

त्यो सानो जमातले होलोकस्टलाई आफ्नो लाभका लागि हतियार बनायो। सम्पत्ति र प्रभाव हासिल गर्न तिनीहरूले आफूले जन्माएको उद्योगलाई फैलाउँदै लगे। तिनीहरू कसैले छुन वा समात्न नसक्ने बने, आलोचनाभन्दा माथि रहे। किनभने, तिनीहरू होलोकस्टजत्तिकै 'पवित्र' उद्योगमा आबद्ध थिए।

फिङ्केल्स्टिनले पुस्तकमा 'यहुदीविरोध उद्योग' (एन्टिसेमेटिज्म इन्डस्ट्री) लाई पुरानो उद्योगको रूपमा अनुसन्धान गरेका थिए। पुस्तकले साबित गऱ्यो - ती पिशाचहरूको चासो यहुदीविरोधसँग छैन। वास्तवमा यिनीहरू डोनाल्ड ट्रम्पदेखि लिएर भिक्टर ओर्बानजस्ता पश्चिमका कट्टर यहुदीविरोधीहरूसँग कुममा कुम जोड्छन्।


बरु तिनीहरूको चासो इजरायलमा छ। आफ्नो भावनात्मक र वित्तीय लगानी जोगाउनका लागि तिनको चासो यहुदीविरोधलाई हतियार बनाउनुमा छ। अमेरिकी राजनीतिक, कूटनीतिक र सैनिक जीवनमा इजरायललाई केन्द्रबिन्दुमा राखेर तिनीहरू अकुत नाफा कुम्ल्याउँछन्। इजरायललाई तिनीहरू निम्न कार्यमा प्रयोग गर्छन् :

१. प्यालेस्टिनी भूमि रैथाने जनताबाट खोसेर तिनीहरू इजरायललाई यामानको घरबार कारोबार केन्द्र बनाइरहेका छन् र कालो धनलाई सेतो बनाइरहेछन्।

२. प्यालेस्टिनी जनताविरुद्ध नयाँ-नयाँ हतियार र निगरानी उपकरणहरू परीक्षण गर्न इजरायललाई प्रयोगशाला बनाइरहेछन्।

३. तेलमा धनी मध्यपूर्वका देशलाई अरब राष्ट्रवादको झन्डामुनि एकीकृत हुनबाट रोक्न इजरायललाई डरधम्की दिने र भाँडभैलो मच्चाउने पश्चिमा ज्यावल र अत्यन्त हतियारबद्ध उपनिवेशवादी राज्य बनाइरहेका छन्।

४. दोस्रो विश्वयुद्धपछि युद्धजन्य अत्याचार रोक्नका निमित्त कायम




गरिएका वैधानिक र नैतिक सिद्धान्तलाई तहसनहस पार्ने काममा इजरायललाई अग्रमोर्चामा उभ्याउँदै छन्।

त्यसैले, यहुदीविरोध उद्योगलाई चुनौती दिने जोसुकैले इजरायललाई चुनौती दिएको ठहरिन्छ। सार्वजनिक जीवनमा यहुदीविरोध उद्योगले गर्दै आएको यहुदी प्रतिनिधित्वको विरोधमा उभिनेहरूलाई यहुदीविरोधी अथवा आत्मघृणा गर्ने यहुदीको बिल्ला लगाइन्छ र सताउन थालिन्छ। आज अमेरिकाका मूर्धन्य यहुदी फिल्मकार जोनाथन ग्लाजेरलाई अहिले यसरी नै तारो बनाइएको छ। उनले 'द जोडन अफ इन्ट्रेस्ट' फिल्मबाट सर्वोत्कृष्ट निर्देशकको ओस्कर पुरस्कार हासिल गरेका थिए। फिल्ममा ओस्विज नाजी यातनागृहमा खटिएको एक नाजी कमान्डरको परिवारले नृशंस यातनाहरूप्रति आँखा चिम्लेर पर्खालै पर्खालले घेरिएको बगैँचाभित्र आरामदायी जीवन बिताइरहेको देखाइएको छ।

ग्लाजेरले ओस्कर समारोहमा बोलेको कुराले हङ्गामा मच्चिएको विषयमा यो टिप्पणीकारले लेखिसकेको छ। पुरस्कार लिएपछि उनले यहुदीपन र होलोकस्टलाई एकलौटी बनाएकोमा निन्दा गरेका थिए। यही एकलौटी व्याख्याका आधारमा धेरै दशकसम्म इजरायलले अर्काको भूमि कब्जा गरिरहेको र लगातार नयाँ-नयाँ उत्पीडन गरेकोमा उनले खेद प्रकट गरे। अक्टोबर ७ मा हमासबाट पीडित भएका इजरायली हुन् वा बितेका पाँच महिनामा इजरायली सेनाबाट मारिएका, अङ्गभङ्ग भएका र आमाबाबु गुमाएका प्यालेस्टिनी हुन्, सबैलाई उनले यही भाष्यका सिकार बताए।

**इजरायली पर्खालभित्रको बगैँचा**

'द जोन अफ इन्ट्रेस्ट' निर्माण गर्ने बेला फिल्मकारले इजरायलसँग तुलना गर्न खोजेका थिए वा थिएनन् भन्ने कुरा स्पष्ट छैन। तर, अन्तर्राष्ट्रिय अदालतले नै गाजाविरुद्ध इजरायलले जातिसंहार गरिरहेको बताएपछि सो फिल्मले विशेष अर्थ र सादृश्य राख्न पुगेको छ।

गत १७ वर्षमा इजरायलीहरू पर्खालले घेरिएको बगैँचामा सानन्द बाँचे। एक पाइला पल्तिर प्यालेस्टिनीहरू खुला आकाशमुनि यातनागृहमा पिल्सिरहेका थिए। यातनागृहलाई जमिन, समुद्र र हावा जताततैबाट इजरायली सेनाले थुनेको थियो।

प्यालेस्टिनीहरूलाई तिनको कैदखानाबाट बाहिर निस्किन अनुमति थिएन। माछा मार्नका लागि तिनका डुङ्गालाई समुद्री तटबाट एकाध माइल टाढा मात्र निस्किन दिइन्थ्यो। गाजाको आकाश सदैव ड्रोनहरू उडेको आवाजले गुञ्जायमान हुन्थ्यो। ती ड्रोनले प्यालेस्टिनीहरूमाथि निगरानी गर्थे। आज तिनै ड्रोनले बिनाकारण घातक मिसाइल फाल्दै छन् भन्दा हुन्छ।

यातना शिविर बिस्तारै मृत्यु शिविर बन्दै छ। प्यालेस्टिनीहरूलाई तिनको कैदखानाभित्र मर्नका लागि बेवारिसे छाडिएको छ। विश्वले त्यसको पहिचान गर्न ढिलाइ गर्दै छ।

एक दशकसम्म संयुक्त राष्ट्रसङ्घले गाजा क्षेत्र बसोबासका लागि अयोग्य भइरहेको चेतावनी दिइरह्यो। एउटा सानो भूभागमा २० लाखभन्दा बढी प्यालेस्टिनीहरू कोच्चिएर बस्न विवश भइरहे। बहुसङ्ख्यक गाजावासीहरू बेरोजगार थिए। काम पाउने कुनै सम्भावना थिएन। व्यापारको कुनै अर्थ थिएन किनभने इजरायलले व्यापार हुनै दिन्नथ्यो। यसको अर्थ अलग्गै अर्थतन्त्र थिएन। गाजा झन्डैजसो हातहातै सामान आदानप्रदानमा बाँचिरहेको थियो। गाजामा स्वच्छ खानेपानी थिएन। प्रदूषित र अतिदोहनमा परेको भूतलको विषाक्त पानी प्रयोग गर्दा गाजावासीहरू बिस्तारै थलिँदै थिए।

इजरायलीहरूलाई पर्खालले घेरिएको बगैँचा पर के भइरहेको छ भनी जान्नुपर्ने कुनै कारण थिएन। त्यो बगैँचा सन् १९४८ मा प्यालेस्टिनी घरपरिवारबाट खोसिएको थियो। तिनै प्यालेस्टिनीहरूबाट जो पर्खालपल्तिर गाजामा गुम्सिएका थिए।

प्यालेस्टिनीहरूको एक जमातले कारागारबाट घरमै बनाएको रकेट फालेर अलिकति गनगन गरे पनि इजरायलसँग मिसाइलप्रतिरोधी आइरन डोम प्रणाली थियो। त्यसले जुनसुकै प्रहारक रोक्न सक्थ्यो। इजरायलीहरू चुपचाप र शान्त थिए। पश्चिमा सञ्चारमाध्यमले भन्ने गरेको त्यो 'शान्ति' अक्टोबर ७ सम्म जारी थियो।

ग्लाजेरले 'द जोन अफ इन्ट्रेस्ट' को आधुनिक संस्करण निकाल्न चाहे भने अक्टोबर ७ गते गाजाको पर्खालनजिकै इजरायली भूमिमा आयोजित नोभा सङ्गीत उत्सव गतिलो मसला हुनसक्छ। अघिल्लो रात गाजा यातनागृहको दैलोमै इजरायली युवायुवतीहरू नाचगानमा मग्नमस्त थिए। फरक यत्ति हो आजको यो ताजा कथामा अनपेक्षित मोड हुने थियो : आफ्नो ढोकापल्तिर २० लाख मानिसहरू दुस्वप्नलोकमा पिल्सिरहेको बेला स्वप्नलोकमा रमाइरहेका युवायुवतीले अक्टोबर ७ गते हमासले गाजा कैदखाना भत्काउन खोज्दा आफूलाई पनि दुस्वप्नलोकमा पाउने थिए।

**'गलत प्रवृत्तिका यहुदी'**

इजरायलबारे पश्चिमाहरूले पचाउँदै आएको भाष्यमा यहुदीविरोध उद्योगको पकड छ। ओस्कर समारोहमा त्यो पकडको भण्डाफोर गर्नु नै ग्लाजेरको अपराध बन्न गयो।

बेलायतमा यस्ता व्यक्तिलाई यहुदीविरोध उद्योगले 'गलत प्रवृत्तिका यहुदी' भन्ने गर्छ। समस्त मानव जातिको दुःखसुर्ता लिने तर यहुदीहरूको दुःख नहेर्ने व्यक्तिलाई यस्तो आक्षेप लगाइन्छ। यहुदीहरूको नाममा प्यालेस्टिनी जनताविरुद्ध अपराध गर्न नमान्ने यहुदीहरूलाई 'गलत प्रवृत्तिका यहुदी' भनिन्छ। लेबर पार्टीका पूर्व नेता जेरेमी कोर्बिन, उनका यहुदी-गैरयहुदी समर्थकहरूलाई यहुदीविरोधीको बिल्ला लगाउँदै चरित्रहत्या गर्न रातदिन प्रेतसरि लाग्नेहरूलाई यहुदी भनिन्छ बेलायतमा।

पुरस्कार वितरण समारोहमा पाएको दुर्लभ अवसर प्रयोग गर्दै ग्लाजेरले यहुदीविरोध उद्योगबाट माइक खोसे र पश्चिमाहरूबाट टाढा राखिएको यहुदी आवाज घन्काए। ओस्करको मञ्चलाई प्रयोग गर्दै उनले प्यालेस्टिनीहरूको पीडालाई रेखाङ्कित गरे। इजरायली र यहुदी दुःखमा जस्तै प्यालेस्टिनीहरूको दुःखमा सुर्ता लिनु उत्तिकै सामान्य कुरा हो भनी उनले जोड दिए।


फिङ्केल्स्टिनले जस्तै ग्लाजेरले यी 'यहुदीविरोधी बोक्सीखोजक धामी' जर्नेलहरूलाई नङ्ग्याए। तिनीहरू वास्तवमा डरलाग्दा र झूटा वैद्य हुन्; सही अर्थमा ठग हुन् भनी ग्लाजेरले सत्य बोले।


यहुदीविरोध उद्योगले भन्दा विपरीत ग्लाजेरसँग भन्नलाई होलोकस्ट र मानव विडम्बनाबारे निकै गहिरो र सर्वकालिक चीज छ। उनी आफ्नै मानवता, सूक्ष्मदर्शिता र सिर्जनशीलता घोटेर जीविका चलाउँछन्। आफ्नो लोकप्रियतालाई अरूलाई दास बनाउनका लागि आतङ्क फैलाउने मुङ्ग्रो बनाउँदैनन्।

यही पृष्ठभूमिमा राखेर हामीले डेभिड शाएक्टरलाई हेर्नुपर्छ। हिजोआज मिडियामा उनको ठुलो प्रचार छ। उनी होलोकस्टपीडित फाउन्डेसन अमेरिका शाखाका प्रमुख हस्ती हुन्।

शाएक्टर इजरायलले प्यालेस्टिनी जनताको भूमि खोसेको तथ्य अस्वीकार गर्दै आएका छन्। त्यसकारण, होलोकस्ट दोहोरिने सम्भावना टार्न स्थापना गरिएको

बाँकी पृष्ठ ५ मा


नर्मन फिङ्केल्स्टिन


हायो मायर

# चीन–संयुक्त राज्य अमेरिका व्यापार युद्ध : एक विश्लेषण

विश्व अर्थतन्त्रमा चीन र संरा अमेरिकाको भूमिका महत्त्वपूर्ण छ। यी दुई ठुला विश्व अर्थतन्त्रले अन्तर्राष्ट्रिय व्यापारमा ठुलो हिस्सा ओगटेका छन्। हालै संरा अमेरिकाले चीनबाट उत्पादित वस्तुहरूमा आयात शुल्क बढाउने नीति लिएको छ। संरा अमेरिकाको व्यापार प्रतिनिधि कार्यालयले 'संरा अमेरिका व्यापार कानुन १९७५ को खण्ड ३०१' अनुसार चीनबाट उत्पादित १३ सय उत्पादनहरूमा पच्चीस प्रतिशत आयात शुल्क बढाउने नीति अवलम्बन गर्यो। साउन २७ को सटही दर प्रतिडलर रु. ११० ले ती वस्तुको मूल्य पचपन्न खर्ब रूपैयाँ हुन आउँछ।

संरा अमेरिकाले यो नीति लागु गरेपछि चीनले पनि प्रतिक्रियास्वरूप सोही मूल्य बराबरका १ सय ६ अमेरिकी उत्पादनहरूमा पच्चीस प्रतिशत आयात कर वृद्धि गर्यो। त्यसमा भटमास, कार, रक्सी (ह्वीस्की), हवाईजहाजहरू पनि पर्दछन्। यो कदमबाट चीनले अमेरिकामाथि 'जस्तालाई तस्तै' भन्ने नीति अपनाएको देखिन्छ।

त्यसको भोलिपल्ट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फेरि अर्को एक सय अर्ब डलर बराबरको आयात शुल्क उठाउन अमेरिकी व्यापार प्रतिनिधिहरूलाई निर्देशन दियो। यसको प्रतिक्रियामा चीनका व्यापार मन्त्रालयका प्रवक्ता गाओ फेनले अमेरिकी नयाँ कदमलाई जवाफ दिन चीन पूर्णरूपमा तयार रहेको बताएका छन्।

यस सिलसिलाका कारण विश्व राजनीति र विश्व अर्थतन्त्रमा चर्को बहस सुरु भएको छ। प्राय: सबै देशले व्यापार सङ्कटलाई सुल्झाउन अनुरोध गरेका छन्।

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरसले व्यापार युद्धले व्यापारमा संलग्न देशहरू साथै विश्वव्यापी अर्थतन्त्रमा नै नोक्सान पुर्याउने बताए। उनले समस्या भएको बेला गम्भीर छलफल र सहकार्य चलाएर समस्या निराकरण गर्नुपर्नेमा जोड दिए। राष्ट्रपति सी चिङफिङको निमन्त्रणामा चीन भ्रमणमा जानु अगाडि उनले यो कुरा चिनियाँ पत्रकारलाई बताएका थिए।

महासचिव गुटेरसले भूमण्डलीकरण, खुला व्यापार तथा अन्तर्राष्ट्रिय सहयोगमा चीनको प्रतिबद्धता रहेको विश्वास दिलाए। उनले चीनको एक क्षेत्र-एक सडक (BRI) अभियान यसको उत्तम प्रतिनिधि उदाहरण भएको जानकारी चीन भम्रणको क्रममा बताए। साथै भूमण्डलीकरणले विश्वमा प्रगति र सम्पन्नता ल्याएको तर यसका कमजोरीका कारण आर्थिक असमानता र धेरै मानिसलाई पछाडि छोडिएको पनि बताए। तर, यसको समाधान संरक्षणवादी र अलगाव नीति होइन भन्दै अन्तर्राष्ट्रिय सहयोग र संयुक्त राष्ट्र सङ्घको दिगो विकासका लागि एजेन्डा-३० नीतिअनुसार काम गर्न जोड दिए।


संरा अमेरिकाको आर्थिक गतिविधिको केन्द्र वालस्ट्रिट र विश्व मुद्रा व्यवस्थापकहरूले जस्तालाई तस्तै (Tit For Tat) गर्ने कदमहरूबाट व्यापार र लगानीमा विश्वासको वातावरण नरहने र विश्व वित्तीय बजारमा ठुलो जोखिम निम्त्याउनेतर्फ औँल्याए। तिनीहरूले वित्तीय बजारमा तत्काल देखिने असर महसुस भएको पनि बताए।

अमेरिकाको यस नीतिको विरोधमा ब्राजिलले विश्व व्यापार सङ्गठनमा उजुरी दर्ता गराएको छ। साथै संरा अमेरिकालाई यस सम्बन्धमा विचार पुर्‍याउन भनिएको छ।

क्यानडा, युरोपियन युनियन (EU), जापान र बेलायतले यस कदमप्रति चासो व्यक्त गर्दै आवश्यक उपाय सुल्झाउनुपर्ने अभिव्यक्ति दिए। अमेरिकी सांसदहरू र धनाढ्यहरूले ह्वाइट हाउसको एकल निर्णय र कदमहरू बन्द गर्नुपर्ने आवाज उठाएका छन्। यस कदमले अरु देशहरूको उद्योगमा मात्र नोक्सान नभई अमेरिकी उद्योगलाई पनि असर गर्नेछ भन्ने बताए।

अर्थशास्त्रीहरूका अनुसार व्यापार युद्धले अमेरिकी आर्थिक विकासलाई अधोमुखी गराउने, उपभोग्य वस्तुमा मूल्यवृद्धि हुने र बेरोजगारी बढाउनेछ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को तथ्याङ्कअनुसार खण्ड ३०१ लागु गर्दा सन् १९९१ मा संरा अमेरिकाको कुल गार्हस्थ उत्पादन (GDP) ६.१७ ट्रिलियन अमेरिकी डलर र चीनको ४.१५ ट्रिलियन अमेरिकी डलर थियो, जून १४.८६ गुणाले बढी थियो। तर, सन् २०१६ मा अमेरिकाको १८.५६ ट्रिलियन र चीनको ११.३९ ट्रिलियन अमेरिकी डलर GDP पुग्यो, जून १.६६ गुणाले बढी छ। यसले चीनको प्रगति द्रुतगतिमा रहेको प्रस्ट्याउँछ। यसबाट अमेरिकी कुल गार्हस्थ उत्पादनको खरिद क्षमता (Purchasing Power Parity) चीनसँग तुलना गर्दा जम्मा ८७ प्रतिशत हुन आउँछ। यसरी अमेरिकाको क्रयशक्ति घट्दै गयो।




हाल अमेरिकी जनताको अति न्यून (Ultra low) बचत दर (Saving Rate) र अन्तर्राष्ट्रिय श्रम विभाजनले नै प्रमुखरूपमा अमेरिकाको व्यापार घाटा बढाएको हो। आयात शुल्क बढाउने ट्रम्पको नीति असफल देखिन्छ। अर्थविद्हरू ट्रम्पले आफ्नो कार्यकालको १४ महिनामा विश्वको आर्थिक वृद्धिदर र बहुपक्षीय व्यापारमा कमै ध्यान दिएको बताउँछन्।

अमेरिकाको यस कदमले अमेरिकी ग्राहक, किसान र मजदुरहरूको चित्त दुखाएको छ, जसले उनलाई चुनावमा समर्थन गरेका थिए।

हाल चीनले हरेक क्षेत्रमा प्रगति गरिरहेको छ। बौद्धिक सम्पत्ति संरक्षणको काम अगाडि बढाउँदै आविष्कारहरूलाई प्रोत्साहन दिइरहेको छ।

ट्रम्पले आफ्नो कदममा अमेरिकीहरूको रोजगारीको सुरक्षा गर्ने बताए तापनि परिणाम ठीक उल्टो आउने देखिन्छ। उनले स्टिल कारखानामा काम गर्ने १ लाख ४० हजार मजदुरको सुरक्षा गर्न खोज्दा अन्य ६५ लाख मजदुरलाई अप्ठ्यारोमा पार्नेछन्।

यता चीन विश्व व्यापार सङ्गठनमा समावेश भइसके पनि अन्तर्राष्ट्रिय व्यापारका कारण अमेरिकी जनता १ हजारदेखि १५ सय डलर प्रतिवर्ष घरायसी बचत जोगाउन सफल भएका छन्। चीनबाट उत्पादित घरायसी सामग्रीहरूको उपभोगले अमेरिकी नागरिकमा यो सकारात्मक प्रभाव परेको हो।

लेखक डोन बोन्कारका अनुसार ट्रम्पको यो कदम संरा अमेरिकाको संविधान र सन् १९८० मा अमेरिकी पूर्वराष्ट्रपति रोनाल्ड रेगनले प्रतिपादन गरेको खुला व्यापार अवधारणाको पनि विपरीत छ।

अमेरिकामा चिनियाँ लगानीसम्बन्धी अनुसन्धान गर्ने न्युयोर्कस्थित संस्था रोडियम ग्रुप (Rhodium Group) द्वारा अमेरिकामा हाल ३४ सय वटा चिनियाँ कार्यक्रमहरू सञ्चालित छन्, जसको १ सय १० अर्ब अमेरिकी डलर बराबर (सन् २०००) मूल्य छ भने १ लाख ४० हजारलाई रोजगारी दिइरहेका छन्।

बोइङ, एक हवाई कम्पनीको अध्ययनअनुसार चीनलाई आउँदो २० वर्षमा ७ हजार २ सय ४० नयाँ हवाईजहाजहरू आवश्यक पर्नेछ, जसको मूल्य १.१ ट्रिलियन अमेरिकी डलर अर्थात् रु. ११ नील हुने अनुमान गरिएको छ।

चीनका उपप्रम हान छेङले व्यापारमा उदारीकरण र खुला बजारको निम्ति आह्वान गर्दा सम्पूर्ण देशहरूलाई फाइदा पुग्ने बताए।

अमेरिकाको आर्थिक प्रगतिमा गिरावट आउनुमा अमेरिकी जनताको अत्यन्त न्यून बचत दर भएकोमा ट्रम्पले देशको आन्तरिक समस्यालाई पन्छाएर चीनबाट आयात गरिने वस्तुलाई दोष दिनु क्षणिक भ्रम हो।

तेस्रो, व्यापार युद्धको समस्या समाधानको लागि विश्व व्यापार सङ्गठन (WTO) मा कानुनी सङ्घर्ष अगाडि बढ्न सक्नेछ। कानुनीरूपमा अन्तर्राष्ट्रिय खुला बजार र उदारीकरणको नीतिविपरीत अमेरिकाले संरक्षणवादी नीति अवलम्बन गरेको छ। यो सङ्गठनमा आबद्ध देशहरू चीनको पक्षमा उभिने प्रस्ट देखिन्छ। साथै सो सङ्गठनले अमेरिकालाई एक कदम पछाडि फर्कन दबाब दिन सक्नेछ।

चीनले आर्थिक उपायमात्र नलगाई राजनीतिक र विश्वव्यापी समस्याहरूका बारेमा सम्बोधन गरेर अमेरिकी नीतिको समर्थन कमजोर पार्न सक्दछ। किनभने, अमेरिकी साम्राज्यवादी नीतिका कारण धेरै अल्पविकसित देशहरू पीडित छन्। चीनले ती कमजोर देशको साथमा रही अन्तर्राष्ट्रिय दबाब दिन सक्नेछ। अमेरिकालाई एक्ल्याउने सामर्थ्य चीनसँग छ। आवश्यक परे यो अन्तिम कदमको रूपमा प्रयोग गर्नसक्ने सजिलै आकलन गर्न सकिन्छ।

व्यापार युद्धले चीनलाई मात्र होइन, अमेरिकालाई पनि क्षति पुग्नेछ। यो तथ्यलाई अमेरिकाले पनि बुझ्नु आवश्यक छ। साथै अमेरिकाले चिनियाँ जनताविरुद्ध चिनियाँ लगानी र भिसामा अवरोध खडा गरेमा उल्टै चीनबाट बौद्धिक पलायन (Brain Drain) र पुँजी निर्यात (Capital Outflow) घट्न गई चीनलाई नै फाइदा पुग्ने प्रस्ट छ। यसर्थ, चीन आर्थिक युद्धको प्रतिवाद गर्न सक्षम छ।

सन् २००० मा युरोपियन युनियनले यस्तै विवाद उत्पन्न गर्दा विश्व व्यापार सङ्गठनले त्यसविरुद्ध स्पष्ट निर्देशन दिएको इतिहास साक्षी छ। आज अमेरिका यही शैलीमा अगाडि बढ्दा अमेरिकाविरुद्ध अर्को दबाबमूलक निर्देशन जान सक्दछ। यो नीति अमेरिकाको निम्ति ज्यादै नकारात्मक हुने कुरामा शङ्का छैन।

चीनको परराष्ट्र मन्त्रालयका प्रवक्ता लु काङले अमेरिकाको यो व्यापार युद्धको कदमले चीन र अमेरिकाको ४० वर्षदेखिको सहकार्य, सहमतिबाट एकअर्कालाई हुने हित ठुलो धक्का पुगेको बताउँदै समग्रमा समान लाभ (Win Win) को नीतिमा असर परेको बताए।

**बुद्धिजीवीहरूका अनुसार चीनको 'चीनमा बनेको २०२५'**

'Made in China 2025' योजनाको विरुद्ध यो कदम चालेर चीनलाई कमजोर बनाउने नीति हो। 'चीनमा बनेको २०२५' योजनाले सन् २०१५ मा दस क्षेत्रलाई प्राथमिकतामा राखेको थियो। जसमा सूचनाप्रविधि, आधुनिक मेसिन र यान्त्रिक, अन्तरिक्ष, सामुद्रिक वस्तु र जहाज, आधुनिक रेल यातायात, नवीकरणीय ऊर्जा यातायात साधन, विद्युतीय शक्ति, कृषि उपकरण र औजार, नयाँ वस्तु र जैविक औषधि हुन्। यी क्षेत्रको आधुनिकीकरण गर्न चीनले व्यवस्थित तवरले अगाडि ल्याएको योजना अमेरिकालाई टाउको दुखाइको विषय बनेको हो। त्यही योजनाअनुसार चीन खुला बजारको लागि अझ राम्रो वातावरण सिर्जना गर्न तयार छ।

अर्कोतिर, चीनमा अमेरिका-चीनको संयुक्त लगानीका ८ हजारवटा कार्यक्रम चालू छन्। चीनले ठुलो लगानी बैङ्क (Investment Bank) स्थापना गरी आफ्नो विकास व्यापक र द्रुत बनाएको छ।

यसर्थ, विश्व अर्थतन्त्रमा चीन र अमेरिकाले ठुलो भाग ओगटेकाले यस व्यापार युद्धले विश्व अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्नेछ। व्यापार, वित्त र लगानीमा ठुलो धक्का पर्ने देखिन्छ। चीन-अमेरिका दुईपक्षीय वार्तामा बस्नुको अर्को विकल्प छैन। अमेरिकाले सधैँ साम्राज्यवादी सिद्धान्तअनुसार कमजोर देशहरूलाई दबाब दिने, नाकाबन्दी गर्ने, तिनको काममा राजनीतिक हस्तक्षेप गर्ने गरेको परिप्रेक्ष्यमा चीनसँगको उसको यो एकपक्षीय नीति असफल हुनेमा दुईमत छैन। चीनको विदेशनीति हस्तक्षेपकारी नभई सहयोग नीति भएका कारण बहुमत देशहरू चीनको पक्षमा छन्।

## चीनविरुद्ध संरा अमेरिकी व्यापार युद्धको उतारचढाव

१) फेब्रुअरी ७, २०१९ (२१४ औँ दिन)
मार्च १, २०१९ अर्थात् व्यापार युद्धविरामको अन्तिम दिन अगावै राष्ट्रपति सीसँग भेट्न अस्वीकार गर्दै राष्ट्रपति ट्रम्पले फेब्रुअरीमा भेट्ने आफ्नो पूर्व बाचा तोडे।

२) जनवरी ३०-३१, २०१९ (२०६-२०७ औँ दिन)
चीन-अमेरिकाबिच वासिङटनमा व्यापार वार्ता

३) जनवरी २२, २०१९ (२०१ औँ दिन)
चीनसँग वार्ता पूर्वतयारी बैठक अमेरिकाद्वारा रद्द

४) जनवरी ७-९, २०१९ (१८६-१८८ औँ दिन)
चीन - अमेरिकाबिच पेइचिङमा तीनदिने व्यापार वार्ता

५) डिसेम्बर १४, २०१८ (१६२ औँ दिन)
चीनद्वारा अस्थायीरूपमा अमेरिकी सामानमा कर कटौती र अमेरिकी भटमास खरीद गर्न सुरु

६) डिसेम्बर २, २०१८ (१५० औँ दिन)
चीन अमेरिकाबिच व्यापार विवाद नचर्काउने अस्थायी सहमति

७) नोभेम्बर १९, २०१८ (१३७ औँ दिन)
अमेरिकाद्वारा आयातमा नियन्त्रण गरिने प्रविधिको नामावली प्रकाशित

८) नोभेम्बर ९, २०१८ (१२७ औँ दिन)
संरा अमेरिका चीनबिच व्यापार वार्ता सुरु

९) अक्टोबर ३०, २०१८ (११७ औँ दिन)
थप वस्तुमा कर लगाउने अमेरिकाको तयारी र घोषणा

१०) अक्टोबर २५, २०१८ (११२ औँ दिन)
अमेरिकी तथा चिनियाँ अधिकारीहरूबिच सम्पर्क र राष्ट्रपति सी र ट्रम्पबिच भेटघाट हुने वातावरण तयार गर्न सहमत

११) सेप्टेम्बर २४, २०१८ (८१ औँ दिन)
चीन र अमेरिकाद्वारा तेस्रोपटक कर वृद्धि गरी एकले अर्कोलाई जवाफ

१२) सेप्टेम्बर २२, २०१८ (७९ औँ दिन)
चीनद्वारा संरा अमेरिकासँगको व्यापार वार्ता रद्द

१३) सेप्टेम्बर १८, २०१८ (७५ औँ दिन)
चीनद्वारा अमेरिकी सामानमा कर लगाई प्रतिवाद गर्ने घोषणा

१४) सेप्टेम्बर १७, २०१८ (७४ औँ दिन)
संरा अमेरिकाद्वारा कर वृद्धि गरिने चिनियाँ वस्तुको अन्तिम नामावली घोषणा

१५) सेप्टेम्बर १२, २०१८ (६९ औँ दिन)
संरा अमेरिकाद्वारा चीनलाई पुन: व्यापार सहमतिको लागि आह्वान

१६) सेप्टेम्बर ७, २०१८ (६४ औँ दिन)
ट्रम्पद्वारा नयाँ कर थोपर्ने धम्की

१७) अगस्ट २३, २०१८ (४९ औँ दिन)
अमेरिका र चीनद्वारा दोस्रो चरणको कर वृद्धि सुरु। चीनद्वारा विश्व व्यापार सङ्गठन (WTO) मा दोस्रोपटक उजुरी दर्ता।

१८) अगस्ट २२-२३, २०१८ (४८-४९ औँ दिन)
अमेरिका चीनबिच वार्ता

१९) अगस्ट १४, २०१८ (४० औँ दिन)
अमेरिकाद्वारा सोलार प्यानलमा गरिएको कर वृद्धिविरुद्ध चीनद्वारा विश्व व्यापार सङ्गठन (WTO) मा उजुरी दर्ता।

२०) अगस्ट ७, २०१८ (३३ औँ दिन)
संरा अमेरिकाद्वारा चिनियाँ वस्तुमा कर वृद्धिको दोस्रोपटक घोषणा

२१) अगस्ट ३, २०१८ (२९ औँ दिन)
चीनद्वारा अमेरिकी वस्तुमा कर वृद्धिको दोस्रो पटक घोषणा

२२) अगस्ट २, २०१८ (२८ औँ दिन)
अमेरिकाद्वारा कर वृद्धिको दायरामा हेरफेर (वृद्धि)। कर वृद्धि गरिने चिनियाँ वस्तुको तेस्रो नामावली घोषणा।

२३) जुलाई १०, २०१८ (पाँचौँ दिन)
कर वृद्धि गरिने चिनियाँ वस्तुको नामावली अमेरिकाद्वारा घोषणा

२४) जुलाई ६, २०१८ (पहिलो दिन)
संरा अमेरिकाद्वारा १० प्रतिशतको ठाउँमा २५ प्रतिशत कर लगाइने ८१८ चिनियाँ वस्तुको पहिलो नामावली घोषणा। चीनविरुद्ध संरा अमेरिकी व्यापार युद्ध सुरु। त्यसअघि जून १५, २०१८ को दिन पहिलो चरणको कर वृद्धिको पुनरावलोकन तथा घोषणा गरिएको थियो। यसअघि अमेरिकी राष्ट्रपतीय निर्वाचनको क्रममा डोनाल्ड ट्रम्पले आफ्नो ट्वीटमार्फत घोषणा गरेका थिए चीन न सहयोगी हो, न त साथी नै। तिनीहरू (चीन) हामीलाई पछार्न चाहन्छन् र हाम्रो देश कब्जा गर्न खोज्दै छन्।

***स्रोत : चाइना ब्रिफिङ***
***(CHINA BRIEFING)***

---

***यहुदीविरोधी...***

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको जगलाई नै अस्वीकार गर्छन्। उनी भन्छन्, "साठी लाख यहुदीहरूको तर्फबाट तिमीले बोल्न खोज्नु अशोभनीय हो। तीमध्ये १५ लाख त बालबालिकामात्र थिए। यहुदी पहिचान भएकैले मात्र तिनको हत्या गरिएको थियो।"

निश्चय नै शाएक्टरले सबैलाई एकै डालोमा हाले। ग्लाजेरले नभई लाखौँ यहुदीहरूको तर्फबाट उनी आफैले बोल्न खोजे।

होलोकस्टबाट बाँच्नेहरू धेरै छन्। उनीहरूले इजरायल र प्यालेस्टिनी जनताविरुद्ध उसको दुर्व्यवहारको निन्दा गरेका छन्। जस्तो फिङ्केल्स्टिनकै आमा र चर्चित भौतिकशास्त्री हायो मायर इजरायलका कठोर आलोचक थिए। मायरले नियमितजसो इजरायलले प्यालेस्टिनीहरूप्रति गरेको व्यवहारलाई आफूजस्ता यहुदीहरूप्रति नाजीहरूले गरेको व्यवहारसँग तुलना गर्थे।

शाएक्टरले भन्दा फरक मायरले होलोकस्टपीडितको नाममा कुनै फाउन्डेसन खडा गर्ने चन्दा वा सहायता पाएनन्। उनलाई पश्चिमा मिडियाले चर्चामा ल्याएनन्। उनलाई यहुदी समुदायको प्रवक्ताको रूपमा व्यवहार गरिएन। उनको आवाजलाई कतै घन्काइएन।

वास्तवमा कुरा उल्टो भयो। मायरले आफ्नो आवाज दबाइएको र यहुदीविरोधीको रूपमा आफूलाई बदनाम बनाएको देखे। मृत्युको भएको चार वर्षपछि सन् २०१८ मा उनकै नाम ल्याएर लेबर पार्टीभित्र यहुदीविरोधलाई मलजल गरेको आरोप त्यसका नेता कोर्बिनमाथि लगाइयो। कोर्बिनले सन् २०१० को होलोकस्ट स्मृति दिवसको समारोहमा मायरसँगै मञ्च साझा गरेका थिए। त्यसको पाँच वर्षपछि मात्र लेबर पार्टीका नेता बनेका थिए।

यसैकारण, कोर्बिनले मायरको विचारको निन्दा गरेर होलोकस्ट पीडितसँगै उभिँदा 'पर्न गएको चोट र चिन्ता' का लागि माफी माग्नुपरेको थियो।

आज जीवित रहेका भए बेलायती लेबर पार्टीको सदस्य हुनाले नै आफू प्रतिबन्धित हुनुपरेको देखेर मायर चकित हुने थिए। किनभने, पार्टी सदस्यताका लागि उनी अयोग्य हुनुको कारण भने यहुदीविरोध हुने थियो। धेरै पश्चिमेली प्रमुख राजनीतिक दल र सङ्घ सङ्गठनले जस्तै बेलायतको लेबर पार्टीले यहुदीविरोधको नयाँ परिभाषा पारित गरेको छ। इजरायलको आलोचना गर्नुलाई यहुदीप्रतिको घृणाको रूपमा परिभाषित गरिएको छ।

मायर होलोकस्टपीडित थिए। सर्वकालिक सदाचारमा उनको आस्था थियो। आज जीवित रहेको भए आज उनलाई बेलायतका सबै प्रमुख पार्टीमा ढोकाबाटै फिर्ता पठाइने थियो। ग्लाजेर मानवतावादी यहुदी फिल्मकार हुन्। उनी प्यालेस्टिनीहरूलाई अन्य यहुदीलाई जत्तिकै ध्यान दिन्छन्। आज उनलाई मायरलाई जस्तै प्रतिष्ठित समाजबाट बहिष्कार गरिँदै छ।

हामीले पश्चिमा शासनलाई आफूमाथि यहुदीविरोध उद्योगका यी झूटा वैध र ठगहरू थोपर्न दिएको हुनाले नै आज यो स्थिति आएको हो। यो समय आफ्नो रोबरवाफ र खल्तीमा ध्यान दिने व्यक्तिको भन्दा मानवतामा ध्यान दिने व्यक्तिको कुरा सुन्नुपर्ने समय हो।

***स्रोत : एमआर अनलाइन***
***अनुवाद : सम्यक***



दक्षिणी गाजापट्टीको सहर रफाहमा इजरायली हवाई हमलामा ध्वस्त भएको भवनको भग्नावशेषमा घाइते तथा मृतकहरूको शरीर खोज्दै मार्च २७, २०२४ का दिन । जारी इजरायली आक्रमणबाट प्यालेस्टिनीको मृत्यु हुनेको सङ्ख्या ३२,४९० पुगेको हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बुधबार जनाएको छ ।

*तस्बिर : खालिद ओमार/सिन्हवा*

# भारत–चीनबिच लद्दाखसमेतका सीमा क्षेत्रमा तनाब कम गर्न सहमति

नयाँदिल्ली, २८ मार्च (एएनआई) । भारत र चीनबिचको उत्तर पश्चिमी क्षेत्रमा देखिएको सीमा विवाद र त्यहाँ उत्पन्न असमझदारीका विषयलाई लिएर दुवै देशका कूटनीतिक अधिकारीहरूबिच पेइचिङमा वार्ता भएको छ ।

भारतको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा दुई देशका अधिकारीहरूबिच बुधबार पेइचिङमा २९ औँ बैठक बसेको र सीमा क्षेत्रमा देखिएको तनाव मत्थर बनाउनेतर्फ वार्ता सकारात्मक भएको जनाइएको छ ।

वार्ताका लागि भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारतीय विदेश मन्त्रालयका सहसचिवले गर्नुभएको थियो भने चीनका तर्फबाट चिनियाँ विदेश मन्त्रालयको सीमा मामिलासम्बन्धी महानिर्देशकले गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा दुवै पक्षले सीमा क्षेत्रमा देखिएको तनावलाई पूर्णरूपमा मत्थर बनाउनेतर्फ गम्भीर विचारविमर्श गरेका र दुई देशको सीमारेखा 'लाइन-अफ-एक्चुअल कन्ट्रोल' (एलएसी) का सन्दर्भमा बाँकी रहेका मुद्दाहरू सुल्झाउने विषयमा छलफल भएको उल्लेख छ ।

बैठकपछि सीमावर्ती क्षेत्रमा शान्ति कायम गर्नेतर्फ कूटनीतिक र सैनिक सम्वाद सुरु गर्न दुबै पक्ष सहमत भएका छन्, भारतीय विदेश मन्त्रालयले जनाएको छ ।

"तत्कालका निम्ति, दुबै पक्षले कूटनीतिक र सैनिक तहबाट निरन्तर सम्पर्क र संवाद गर्न सहमति जनाएका छन् । विद्यमान द्विपक्षीय सम्झौताबमोजिम सीमाक्षेत्रमा शान्ति कायम गर्न सहमति भएको छ," मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ ।

दुवै देशबिचको २८ औँ वार्ता यसअघि गत नोभेम्बरमा सम्पन्न भएको थियो । उक्त वार्तामा दुबै पक्षले एलएसीको परिस्थितिका बारेमा समीक्षा गर्नुका साथै एलएसीसमेत पूर्वी लद्दाखको सीमाक्षेत्रमा शान्तिपूर्ण अवस्था बहाल गर्नेबारेमा खुला, रचनात्मक र गम्भीर विचारविमर्श भएको छ ।

यसैबिच, भारतले अरुणाचल प्रदेशका सम्बन्धमा चीनले गरेको दाबीलाई आधारहीन तर्क भन्दै अस्वीकार गरेको छ । मार्च १९ मा सार्वजनिक भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा अरुणाचल प्रदेशका जनताले भारतीय विकास कार्यक्रम तथा पूर्वाधार परियोजनाबाट अत्यधिक लाभ लिइरहेको उल्लेख छ ।

# प्रतिस्पर्धाको अभावले अस्ट्रेलियाको जीवनस्तर तथा उत्पादकत्वमा गिरावट : रिपोर्ट

क्यानबेरा (अस्ट्रेलिया), २८ मार्च (सिन्हवा) । निजी क्षेत्रमा उचित प्रतिस्पर्धाको अभावले अस्ट्रेलियालीहरूको जीवनस्तर खतरामा परेको संसदीय एक अनुसन्धानले चेतावनी दिएको छ ।

बुधबार प्रकाशित एक रिपोर्टमा, सङ्घीय संसद्को अर्थसम्बन्धी द्विदलीय स्थायी समितिले अस्ट्रेलियामा प्रतिस्पर्धामा गिरावट तथा विभिन्न क्षेत्रहरूमा सङ्कुचन आएको उल्लेख छ ।

रिपोर्टले पछिल्लो दशकमा अस्ट्रेलियाको उत्पादकत्वमा मन्दी छाएको, बजार सङ्कुचन बढेको, नयाँ नयाँ प्रविधिमा लगानी न्यून भएको तथा सेवा अर्थतन्त्रतर्फ उन्मुख भएको जनाएको छ ।

सत्तारुढ लेबर पार्टीका सांसद एवं पूर्व अर्थशास्त्री डान मुलिनोले मानिसहरूको जीवनस्तरमा सुधार ल्याउन अस्ट्रेलिया अझै बढी प्रतिस्पर्धी बन्नुपर्ने बताउनुभएको छ ।

नाइन इन्टरटेनमेन्ट अखबारहरूलाई दिएको अन्तर्वार्तामा समितिका अध्यक्षसमेत रहनुभएका मुलिनोले अस्ट्रेलिया कम उत्पादकत्व वृद्धिको दशकबाट सुधारतर्फ अग्रसर भइरहेको बताउँदै प्रतिस्पर्धा र आर्थिक गतिशीलताको आवश्यक भइसकेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "अर्थपूर्ण सुधारका निम्ति अहिले धेरै अवसर हाम्रासामु छन् । यसबाट उपभोक्तालाई तत्काल लाभमात्र हुने होइन कि भावी पुस्ताको जीवनस्तर सुधारमा पनि महत्त्वपूर्ण हुनेछ ।"

सन् २०२३ मा प्रकाशित एक रिपोर्टमा, अस्ट्रेलियाको औसत उत्पादकत्व वृद्धि सन् २०२० सम्म १० वर्षको अवधिमा १.१ प्रतिशतमा झरेको छ जुन ६० वर्षमा सबैभन्दा कम हो ।

सन् २०२३ जनवरीमा अर्थमन्त्री जिम चाल्मर्सले आर्थिक गतिशीलता, प्रतिस्पर्धा र व्यापार प्रवर्द्धनका लागि अनुसन्धान गर्न समितिलाई आग्रह गर्नुभएको थियो ।

एयरलाइन्स क्षेत्रबिच प्रतिस्पर्धा बढाउन हवाई उडानमा ढिलाइ भएका यात्रुहरूका लागि अनिवार्य क्षतिपूर्ति सुरु गर्ने सरकारसमक्ष सिफारिस गरेको छ ।

# कोभिड निगरानीका लागि विश्व स्वास्थ्य सङ्गठनद्वारा विश्वव्यापी सञ्जाल सुरु

जेनेभा, २८ मार्च (सिन्हवा) । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले सार्स-कोभ-२, मर्स-कोभ र नोवेल कोरोना भाइरस-१९ को खोज, अनुगमन र मूल्याङ्कनका लागि नयाँ सञ्जाल, कोभिनेट सुरु गरेको छ ।

विश्वव्यापी स्वास्थ्य संस्था डब्लुएचओले प्रयोगमा ल्याइरहेको कोभिड-१९ प्रयोगशालालाई सञ्जालमा जोडेको हो । सुरुवाती चरणमा, कोभिड-१९ महामारी फैल्याउन सहयोगी रहेको सार्स-कोभ-२ मा केन्द्रित यस नेटवर्कले अब मर्स-कोभ र अन्य सम्भाव्य नयाँ प्रजातिका कोरोनाभाइरस समेतका भाइरसहरूमा ध्यानकेन्द्रित गर्नेछ ।

कोभिनेटले मानव, पशु र वातावरणीय कोरोनाभाइरस निगरानीमा विशेषज्ञता भएका विश्वव्यापी प्रयोगशालाहरूको सञ्जालका रूपमा कार्य गर्नेछ । हाल डब्लुएचओका सबै छ क्षेत्रहरू अन्तर्गतका २१ वटा देशका ३६ वटा प्रयोगशालाहरूलाई नेटवर्कमा समावेश गरिएको छ ।

कोरोनाभाइरससँग सम्बन्धित स्वास्थ्य चुनौतीहरूको प्रारम्भिक पहिचान, जोखिम मूल्याङ्कन र प्रतिक्रियामा डब्लुएचओका सदस्य राष्ट्रहरूको तयारी बढाउने उद्देश्यले २०२४-२०२५ का लागि कार्ययोजनालाई अन्तिम रूप दिन प्रयोगशालाहरूका प्रतिनिधिहरू मङ्गलबार र बुधबार जेनेभामा भेला भएका थिए ।

कोरोना भाइरसहरूको नयाँ विश्वव्यापी सञ्जालले जनस्वास्थ्यका लागि महत्त्वपूर्ण कोरोना भाइरसहरूको समयमै पहिचान, अनुगमन र मूल्याङ्कन सुनिश्चित गर्ने डब्लुएचओको महामारी पूर्वतयारी तथा रोकथाम विभागका कार्यवाहक निर्देशक मारिया भान केरखोभले बताउनुभएको छ ।

## विश्व सङ्क्षेप

# अमेरिकाको इलेनोइसमा छुरा प्रहार, ४ जनाको मृत्यु

रकफोर्ड, अमेरिका, २८ मार्च (एपी) । संयुक्तराज्य अमेरिकाको उत्तरी इलेनोइसमा एक व्यक्तिले जथाभावी छुरा प्रहार गर्दा चार जनाको मृत्यु भएको छ भने अरु सात जना घाइते भएका छन् ।

प्रहरीले उक्त घटनामा शङ्कास्पद आरोपी एक २२ वर्षीय युवकलाई पक्राउ गरेको रकफोर्ड प्रहरी प्रमुख कार्ला रेडले बताउनुभएको छ । घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको छ । कार्लाका अनुसार राति १ बजेतिर घटनास्थलबाट सहयोगका लागि प्रहरीमा खबर आएको जानकारी दिनुभयो ।

प्रहरीका अनुसार तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो भने चौथो व्यक्तिको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । मृत्यु हुनेमा १५ वर्षिया एक किशोरी, ६३ वर्षीया महिला, ४९ वर्षीय व्यक्ति र २२ वर्षीय युवा रहेका छन् । उनीहरूको नाम भने प्रहरीले सार्वजनिक गरेको छैन ।

कार्लाका अनुसार घटनाका बारेमा विस्तृत विवरण प्राप्त गर्न पीडितका घर आसपास राखिएका सिसिटिभी क्यामेरा दुरुस्त राख्न अनुरोध गरिएको छ ।

रकफोर्डको जनसङ्ख्या करिब एकलाख ५० हजार रहेको र यो स्थान सिकागो सहरबाट करिब १४५ किलोमिटर टाढा रहेको छ ।

रकफोर्डस्थित वाल्मार्ट सपिङ मलमा कार्यरत एक युवाको वाल्मार्टभित्रै बुधबार हत्या भएपछि यस्तो घटना भएको प्रहरीको भनाइ छ ।

# बङ्गलादेशकी पूर्वप्रधानमन्त्री जियाको जेल सजाय थपियो

ढाका, २८ मार्च (सिन्ह्वा) । बङ्गलादेश सरकारले पूर्वप्रधानमन्त्री खालेदा जियाको जेल सजायलाई अर्को ६ महिना थप गरेको छ ।

बङ्गलादेशको गृह मनत्रालयले बुधबार एक सूचना जारी गर्दै जेल सजाय थप गरिएको जनाएको छ । मन्त्रालयले थप गरिएको अवधिमा खालेदा जियाले आफ्नो मुलुक छाड्न पाउनुहुने छैन । मन्त्रालयले खालेदाले बङ्गलादेशमै स्वास्थ्योपचार गर्नुपर्ने पनि जनाएको छ ।

सन् २०२० यता पूर्वप्रधानमन्त्री खालेदाको जेल सजाय थप गरिएको यो छैटौँपटक हो । कोभिड महामारीको समयमा मानवीय कारण देखाउँदै बङ्गलादेश सरकारले सन् २०२० मार्चमा अस्थायी प्रयोजनका लागि जियालाई जेलमुक्त गरिदिएको थियो । बङ्गलादेश नेस्नलिस्ट पार्टीका अध्यक्षसमेत रहनुभएकी पूर्वप्रधानमन्त्री जिया सन् २०१८ देखि जेलमा रहनुभएको छ । बङ्गलादेशको एक अदालतले उहाँमाथि विदेशबाट प्राप्त सहायता रकम हिनामिना गरेको आरोपमा सात वर्षको जेल सजाय तोकेको थियो ।

खालेदामाथिको जेल सजाय राजनीतिक प्रेरित रहेको विपक्षी दलले आरोप लगाउँदै आएको छ ।

# अपहरित नाइजेरियाली बालबालिका अभिभावकसँग पुनर्मिलन

कडुना (नाइजेरिया), १५ चैत (एपी) । दुई हप्ताभन्दा बढी समय अपहरणमा परेर सेनाको सहयोगमा मुक्त भएका एकसय ३० भन्दा बढी नाइजेरियाली स्कुले बालबालिकाका अभिभावकहरूले बुधबार पुनर्मिलनको समयमा खुसीका आँसु रोक्न नसकेको बताएका छन् ।

बच्चाहरू मुक्त भएको तीन दिनपछि कडुना शहरमा सरकारले व्यवस्था गरेको कार्यक्रममा अभिभावकसँग पुनर्मिलन गराइएको थियो । उक्त स्थानमा बच्चाहरूलाई चिकित्सा सहायतासहित राखिएको थियो ।

गत मार्च ७ यता पहिलोपटक भेट हुँदा अभिभावकहरूले आफ्ना बच्चाहरूलाई अश्रुपुरित अङ्कमाल गरेका थिए । कडुनाको उत्तरपश्चिमी दुर्गम शहर कुरिगामाबाट मोटरसाइकलमा आएका बन्दुकधारीले ती बालबालिकालाई बन्दुकको नालको त्रासमा विद्यालयबाट अपहरण गरेका थिए ।

"म आज निकै हर्षित र खुसी भएकी छु," अपहरणमा परेकी आफ्नी १४ वर्षीया छोरीलाई भेटेपछि शिटु अब्दुल्लाहीले निकै उत्साही हुँदै भन्नुभयो ।

दशदेखि १५ वर्षसम्मका ती बालबालिकालाई कहिले घर जान अनुमति दिइने हो भन्ने अझै स्पष्ट भइसकेको छैन । अभिभावकहरूले भने सरकारले यो हप्ताभित्रै घर पठाउने आश्वासन दिएको बताएका छन् ।

अपहरणकारीले विद्यार्थीसँगै लगिएका एकजना कर्मचारीको बन्दी अवस्थामै मृत्यु भएको सैन्य अधिकारीहरूले बताएका छन् । एक अभिभावक इब्राहिम मिकालुले आफ्नी १३ वर्षीया छोरीलाई भेटेपछि आफू भावुक भएको र परिवारका बाँकी सदस्य उनलाई घरमै हेर्न उत्सुक रहेको बताउनुभयो ।

छिमेकी जाम्फरा राज्यको उत्तरमा करिब दुई सय किलोमिटर टाढाको जङ्गलबाट आइतबार नाइजेरियाली सेनाले ती स्कुले बालबालिकालाई मुक्त गरेको थियो । उनीहरूले अहिले सेना र सरकारले व्यवस्था गरेको औषधि उपचार प्राप्त गरिरहेका छन् । अधिकारीहरूले कुरिगाका बच्चाहरूको मुक्तिका लागि कुनै फिरौती नदिएको बताएका छन् ।

हालसम्म कुनै पनि समूहले उनीहरूको अपहरणको जिम्मेवारी लिएको छैन । स्थानीय अधिकारीहरूले द्वन्द्वग्रस्त उत्तरमा सामूहिक हत्या र फिरौतीका लागि डाँकु समूहहरूले घटना घटाएको आँकलन गरेका छन् ।

सन् २०१४ मा नाइजेरियाको बोर्नो राज्यको चिबोक गाउँमा बोको हराम समूहका लडाकुले दुई सय ६७ जना स्कुले छात्रा अपहरण गरेयता नाइजेरियाका विद्यालयहरूबाट कम्तीमा १४ सय विद्यार्थी अपहरण भइसकेका छन् । पछिल्लो समयमा अपहरणका घटनाहरू द्वन्द्वग्रस्त उत्तर-पश्चिम र मध्य क्षेत्रहरूमा केन्द्रित छन्, जहाँ दर्जनौं सशस्त्र समूहहरूले गाउँले र अन्य यात्रुहरूलाई फिरौतीका लागि अपहरण गर्ने गर्छन् ।

# "जब चिनी तीतो हुन्छ"

✍ डा. अरुणा उप्रेती



मिठाइ धेरैलाई मन पर्ने खाद्यवस्तु हो । मिठाइ उत्सव, रमाइलोका बेलामा, प्रसादका रूपमा खाइन्छ तर त्यो मिठाइमा के के राखेर बनाइएको छ वा कस्तो तेलमा पकाइएको छ भन्ने धेरैलाई थाहा हुँदैन । यदि राम्रै तेलमा पकाइयो भने पनि बारम्बार तेल तताएपछि त्यस तेलमा विष पैदा हुन्छ । यसले मुटुलाई त खराब गर्छ नै, क्यान्सरसमेत पैदा गराउन सक्छ भनेर विज्ञानले सिद्ध गरिसकेको छ । यस्ता मिठाइहरू प्राय: मैदा र चिनीबाट नै बनेका हुन्छन् । मेदा र चिनी दुबैको पौष्टिक तत्त्व हुँदैन र यिनको धेरै प्रयोगबाट त शरीरमा पौष्टिक तत्त्वको कमी हुन जान्छ । शरीरमा पौष्टिक तत्त्वको कमी भएपछि अनेक किसिमका स्वास्थ्य समस्या पैदा हुन्छन् ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार एक वयस्कले एक दिनमा तीनदेखि पाँच चम्चा मात्र चिनी प्रयोग गर्नसक्छ । तर, वास्तविक जीवनमा त हामीले धेरै नै प्रयोग गरिरहेका हुन्छौँ । उदाहरणको लागि दिनमा तीन कप चिया खाइयो भने एक कप चियामा दुई चम्चा हाले पनि छ चम्चा चिनी त यसै पनि भइहाल्यो । यदि त्यसमाथि मिठाइ पनि खाइयो भने त कति चम्चा चिनी होला ? अनि बिस्कुट, सर्वत खाने गरिन्छ । यसरी बनाएका बिस्कुटहरू कस्ता गुणस्तरका हुन्छन् भन्ने कुरा प्राय: हामीलाई थाहा नै हुँदैन ।

चिनी र मैदा हालेर बनाएको बिस्कुट यसै पनि हानिकारक हुन्छ । त्यसमा पनि कुहिएको वा ढुसी परेको नरिवल वा अन्य वस्तु मिसाइएको हुन्छ । ढुसी लागेको खानेकुराले कलेजोमा असर गर्छ । आज खाएर भोलि नै केही समस्या नपर्ने हुनाले मानिसहरूलाई यसरी गुलियो धेरै हालेको पदार्थ, नदेखिने हुनाले ढुसी लागेको पदार्थ खाएपछि बिरामी परिन्छ भन्ने पनि थाहा हुँदैन ।

अमेरिकन डायवेटिक एसोसिएसन र अमेरिकन हार्ट एसोसिएसन दुवैले चिनीको उपभोग घटाउन आग्रह गरेका छन् । अमेरिकन डायविटिज एसोसिएसन भन्छ, "डायविटिजको सन्दर्भमा कुरा गर्दा सबैभन्दा महत्त्वपूर्ण कुरा चिनी र खाना नै हो । शरीरको तौल बढाउन र रगतमा ग्लुकोजको मात्रा बढाउँछ ।" सो एसोसिएसनले डायविटिज भइसकेको छ वा हुने जोखिम छ भने पानी, विनाचिनीको चिया, कफी वा अरु कुनै कम क्यालोरी भएको पेयपदार्थ वा कागती पानी मात्र पिउन सुझाव दिएको छ ।

चिनी सबै चिसो पेयहरूमा पाइने एक प्रमुख तत्त्व हो । चिनी विभिन्न स्वादहरू मिश्रित तरल पदार्थहरूमा राखिएको हुन्छ । अधिकांश चिसो पेयमा चारदेखि १५ चिया चम्चासम्म चिनी घोलिएको हुन्छ । वर्तमान पुस्ताका केटाकेटीको दाँतमा समस्या सिर्जना गर्ने प्रमुख तत्त्वका रूपमा चिनी रहेको छ । त्यस्तैगरी, चिनी मानिसहरूमा मधुमेहको र साथै हृदयरोग, अपच, छालाका समस्या तथा अन्य घातक रोगहरूको वृद्धि गर्नका लागि प्रमुख सहयोगीका रूपमा रहेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले प्रकाशन गरेको बुलेटिनअनुसार चिनी मिसाइएका पेय पदार्थको उपभोग अहिले विश्वमा नै बढिरहेको छ । विगत पाँच वर्ष यताको अध्ययन गर्दा खानासँग सम्बन्धित रोगहरू जस्तो: टाइप २ डायविटिज र अधिक मोटोपनको वृद्धिको एउटा मुख्य कारक तत्त्व यिनै गुलियो पेय पदार्थ भएको पाइएको छ । यसै कारणले गर्दा पनि मेक्सिको चिनीको गुलियो भएका पेय पदार्थमा 'सोडा ट्याक्स' भनेर नयाँ कर लगाउने कानुन पास गरेको छ । मूल्यवृद्धि भएपछि यसको खरिद तथा उपभोग कम हुन्छ भन्ने अपेक्षाले यसो गरिएको थियो । यसरी कर लगाएपछि पेय पदार्थको खरिदमा छदेखि १२ प्रतिशतसम्म गिरावट आएको पाइयो ।

अमेरिकाको न्युयोर्क युनिभर्सिटीका अध्ययनकर्ता तथा फुड स्टडी एवं पब्लिक हेल्थका प्रोफेसर नेस्टलेका अनुसार अहिले अत्यन्तै प्रभावकारी मार्केटिङबाट यस्ता पेय पदार्थ किन्न उपभोक्तालाई लोभ्याउने पार्ने गरिन्छ । उत्पादकहरूले अहिले विज्ञापनमा धेरै खर्च गर्छन् । यो पैसा पनि उपभोक्ताले नै तिनुपर्छ । यस्ता खाद्य पदार्थका उत्पादकहरूले अहिले कम र मध्यम स्तरको आम्दानी भएका देशहरूमा यस्ता वस्तुहरूको बिक्री वृद्धि गर्ने लक्ष्य राखेका छन् । किनभने यी देशहरूमा बढी नाफा कमाउन सकिन्छ, विशेषगरी केटाकेटीहरूलाई लोभ्याएर ।

न्युयोर्क सहरमा आधाभन्दा बढी मानिसहरू अत्यधिक मोटो छन् । यसै कारणले न्युयोर्कका मेयरले सन् २०१२ मा त्यहाँ समस्याको रूपमा देखापरेको अत्यधिक मोटोपनलाई घटाउने प्रयासस्वरूप कोकाकोला, चिनी धेरै भएका चिसो पेय पदार्थका ठुला बोतलको सट्टा साना बोतल (४७३ एमएल) मात्र बेच्न पाउने निर्णय गर्न खोजेका थिए । त्यसको उद्देश्य समस्याको रूपमा रहेको 'अत्यधिक मोटोपन' लाई घटाउनु नै थियो । तर, न्युयोर्ककै केही बासिन्दाहरूले यसको खुलेर विरोध गरे । हामीलाई जति मन लाग्छ खान्छौँ । चिसो पेय पदार्थ खानु आफ्नो अधिकार भएको भन्दै प्रतिवाद गरे । प्यास लाग्दा चिसो जस्ता पेय वस्तु नै खाने उनीहरूलाई बानी नै परिसकेकोले उनीहरूले चिनी पनि धेरै खान्छन् । कतिपयमा त छोड्नै नसक्ने लत नै बसेको छ ।

गुलियोको कारणले पनि दाँतको पालिस पखालिने अवस्था बन्छ । यी पेय वस्तुबाट दाँतसम्बन्धी विशेषगरी दुई प्रकारका समस्याहरू बढी देखिएका छन् । दाँतमा प्वाल पार्ने र दन्त हर्ष । हाल आएर दाँतको क्षय हुने समस्या पनि धेरै देखिन थालेको दन्त चिकित्सकहरूले बताएका छन् । बट्टामा राखेको फलफुलमा चिनीको मात्रा अति नै बढी हुन्छ । यसले बच्चाको दाँतमा नराम्रो असर पर्छ । त्यसैले बट्टाको फलफुलको रस किन्नुभन्दा फलफुल नै स्वास्थ्यको लागि धेरै राम्रो हुन्छ । यो सस्तो पनि पर्छ । चाडपर्वमा चिसो पेय पदार्थ र बट्टाका फलफुलको रसको पनि धेरै नै प्रयोग गरिन्छ बट्टाको फलफुलमा पनि एकदम धेरै नै प्रयोग गरिन्छ । बट्टाको फलफुलमा पनि एकदम धेरै नै चिनी भएको तथ्य छ ।

नेपाली युवायुवतीलाई भ्रम उत्पन्न गर्ने आक्रामक प्रचार गर्दै अर्को पेय वस्तु बजारमा आएको छ, इनर्जी ड्रिङ्क । दसैं तिहारमा एकदम धेरै मानिसहरूले यो प्रयोग गर्छन् । कतिपयले कोसेली पनि लैजान्छन् । यसलाई यो शक्तिबर्द्धक पेय वस्तुको रूपमा व्यापक प्रचारप्रसार गरिएको छ । युवा युवतीलगायत प्राय: सबै उमेर तथा बिरामी, खेलाडी, कामदारलगायत विविध वर्ग र क्षेत्रका मानिसहरू अहिले यो पेय पदार्थलाई एउटा लाभदायक पेय वस्तु हो भन्ने भ्रममा छन् र व्यापकरूपमा उपभोग गरिरहेका छन् । यसले शरीरमा कति धेरै हानि छ भन्ने कुरा आम उपभोक्ताहरूले बुझेका छैनन् । आम सञ्चार माध्यममा विज्ञापन आइरहेको पनि यस्ता गुलिया पदार्थहरूको बारेमा छलफल हुँदैन ।

यस पेयमा प्रशस्त मात्रामा चिनी हुने भएकोले यसले केही शक्ति दिए जस्तो हुन्छ । थाकेको बेला यस्तो पेय पदार्थ पिउँदा केही क्षण परिवर्तनको महसुस भए पनि यसले बरु स्वास्थ्यमा विभिन्न किसिमका समस्या उत्पन्न गर्ने अध्ययनकर्ताहरूको भनाइ छ । वरिष्ठ बाल रोग विशेषज्ञ डा. विष्णु पण्डितका अनुसार बालबालिकालाई इनर्जी ड्रिङ्कमात्र होइन, हाल हाम्रो बजारमा प्रचलित विभिन्न ब्रान्डका सफ्ट ड्रिङ्क पनि स्वास्थ्यको दृष्टिले राम्रा छैनन् । यस्ता पेय पदार्थका कारण बच्चाहरूमा खाना रुची कम हुन्छ र उनीहरूलाई आधारभूत इनर्जी पुग्दैन । यस्ता हल्का पेय वस्तुहरू खानेहरूमा मोटोपना आउँछ । चिनीको मात्रा बढी हुने हुनाले मोटोपन र डायबिटिजको सम्भावना बढ्छ । यसले बालबालिकामा फोक्सोमा मासु बढ्छ र अनेक समस्या उत्पन्न गराउँछ ।

केही महिनाअघिको कुरा हो, एक आमाले छ वर्षिय छोरा लिएर अस्पताल गइन् । उनले डाक्टरलाई भनिन्, यो दुब्लाएको छ । बारम्बार बिरामी भइरहन्छ । खाना पनि खान मन गर्दैन । बिरामी भनेर स्कूल पनि पठाएको छैन । किन यस्तो भएको होला ? आमाले डाक्टरसँग कुरा गरिरहँदा बच्चा यताउता टुकुटुकु गरिरहेको थियो । आमालाई बोल्न नदिने आमाको मुख आफूतिर फर्काउने आदि कोसिस गरिरहेको थियो । डाक्टरले यसले के खान्छ ? भनेर सोधे । आमाले, भात दाल, तरकारी त यसको घाँटीबाट नै छिर्दैन, मिठाइ, चाउचाउ, चकलेट, बरफ चिसो पेय आदि मात्र मन गर्छ भनिन् । भात नखानेलाई यति दिँदा कमसेकम यसले रुचाएका केही खानेकुरा त पर्छ भनेर दिन्छु । चकलेट र चाउचाउ खाए पनि यो त बिरामी भइरहन्छ, के गर्ने होला ?

आमाले थाहा नै नपाइकन बच्चालाई धेरै चिनी भएको वस्तु दिएकी थिइन् । यसले गर्दा बच्चाको त रोगसँग लड्ने शक्ति नै कम भएर ख्वाउटे भएको रहेछ । मिठाइ र चिसो पेय मायाको प्रतीक होइन भन्ने कुरा डाक्टरले बुझाएपछि उनी छानाबाट खसेझैँ भइन् । बढी चिनी र पत्रु खानाले पोषणको कमी भएकोले छोरा दुब्लाएको रहेछ भन्ने थाहा पाइन् । बच्चालाई खुवाएको पत्रु फुडले उसको पेट त भरिन्छ तर पोषण पुग्दैन । 'मिठाइ, चकलेटजस्ता पत्रु खाना खुवाउन छोड्नुस् र घरमा जे पाक्छ त्यही खुवाउने बानी गर्नुस् । कुनै औषधि खानु पर्दैन । हरियो तरकारी र फलफुल खुवाउन जोड गर्नुहोस् । सधैं जङ्क फुड खुवाउने हो भने औषधि गरेर मात्र केही हुँदैन' भनेर चिकित्सकले सल्लाह दिए ।

पत्रु खाना बनाउने मिठाइहरू पकाउने ठाउँमा गएर उपभोक्ताले कहिले पनि हेरेका हुँदैनन् । बाहिरपट्टि जे देखिन्छ त्यही राम्रो प्याकेटका खानेकुरा र मिठाइ किनेर खाने चलन छ । यसरी जहाँ पायो त्यही बनाएको, बारम्बार पकाएको तेलमा पकाएको मिठाइले गर्दा स्वास्थ्यमा असर पर्छ भन्ने कुरा बुझेर सकेसम्म घरमा नै मिठाइ बनाउन सकियो भने राम्रो हुन्छ । हलुवा, पुरी, सेल, खिर आदि त घरमा पनि सहजसँग बनाउन सकिन्छ । यस्तै खानेकुरामा ध्यान दिनसकेमा निरोगी बन्न सकिन्छ ।

***(लेखक पोषणविद् हुनुहुन्छ ।) रासस***

# टरवाइनको परीक्षण अन्तिम चरणमा

**- ज्ञानेन्द्र न्यौपाने**

रसुवा, १५ चैत । उत्तरी रसुवामा निर्माणाधीन रसुवागढी जलविद्युत् आयोजनाको विद्युत् उत्पादन गर्ने मुख्य उपकरण टरवाइनको परीक्षण कार्य अन्तिम चरणमा पुगेको छ ।

स्वदेशी पुँजी तथा प्राविधिकको सक्रियतामा सन् २०१३ देखि निर्माण शुभारम्भ गरिएको एक सय ११ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजनाले निर्माण गरेका सुरूङलगायत सबै संरचना सफलतापूर्वक परीक्षणपश्चात विद्युत् उत्पादन गर्ने उपकरण रनर धुमाइ परीक्षण कार्य अन्तिम चरणमा पुगेको हो ।

तीनवटा युनिटमध्ये दुईको सफल परीक्षण सम्पन्न भइसकेको र बाँकी एकको परीक्षण कार्य अन्तिम चरणमा पुगेको बताइएको छ । रसुवागढी जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत छवि गैरेका अनुसार रसुवागढी नजिक भोटेकोशीमा बाँध बाँध्ने कार्य, बालुवा थिग्रयाउने, तीन पोखरी तथा रेडरेस एवं पेनस्टक सुरुङ र विद्युत् गृहसमेतका संरचना सम्पन्न गरी जडान गरिएका सबै उपकरणको परीक्षणमा पूर्ण रूपको सफलता मिलेकाले हालसम्म कार्यरत प्राविधिक उत्साहित भएका छन् ।

सो हाइड्रोपावरले वार्षिकरूपमा ६१ करोड ३८ लाख ६० हजार युनिट विद्युत् उत्पादन हुने आयोजनाका प्रमुख सत्यराम ज्याखवले बताउनुभयो । उत्पादित विद्युत् नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गर्दा वर्षायाममा चार रूपैयाँ ८० पैसा र हिउँदको याममा आठ रूपैयाँ ४० पैसा प्रतियुनिट प्राप्त हुने बताइएको छ ।

निर्माण गर्नुपर्ने सम्पूर्ण संरचना पूरा भइकेकाले टावर निर्माण सम्पन्न हुनासाथ रसुवागढीको विद्युत् राष्ट्रिय प्रसारण लाइनमा लैजाने तयारी भइसकेको प्राविधिकले बताएका छन् । राष्ट्रिय प्रसारण लाइन निर्माणका लागि प्राविधिक तथा मजदुर अहोरात्र खटिरहेका छन् ।

नेपाल विद्युत् प्राधिकरण राष्ट्रिय प्रसारण लाइन महाशाखा प्रमुख थर्कबहादुर थापाका अनुसार टावर निर्माणकार्य द्रुतरूपमा अगाडि बढिरहेको छ । दैनिकरूपमा पाँच सय ५० मजदुर तथा दर्जनौँ प्राविधिकले रसुवाका डाँडापाखामा काम गरिरहेका छन् ।

उहाँका अनुसार समग्रमा टावर निर्माणको प्रगति ९५ प्रतिशत पूरा भइसकेको छ । अब एक महिनाभित्र रसुवागढीले उत्पादन दिने तर राष्ट्रिय प्रसारण लाइन भने कहिलेसम्म तयार हुन्छ भन्ने जानकारी प्राप्त भएको छैन ।

थाम्वुचेतबाट त्रिशूलीसम्म २८ किमि र त्रिशूलीबाट मातातीर्थसम्म ४८ किमि दूरी रहेको छ । निर्माण गर्नुपर्ने राष्ट्रिय प्रसारण लाइनका ७५ टावरमध्ये भौगोलिक विकटताका कारण अब निर्माण पूरा गर्न बाँकी १० वटा रहेका जनाइएको छ । ती टावरको काम यथाशक्य छिटो सम्पन्न गराउन प्रसारण महाशाखाका सम्पूर्ण प्राविधिक रसुवाकेन्द्रित भइरहेको बताइएको छ ।

निर्माणको चरणमा रु. १३ अर्ब ६० करोडको लागत अनुमानबाट सम्पन्न हुने सुरुको प्रक्षेपण गरिएको भए पनि भौगोलिक विकटता बाढीपहिरो सामान ढुवानीमा ढिलाइ, भूकम्प, कोभिड-१९ महामारीजस्ता विविध कारणले निर्माणमा ढिलाइ हुँदा वर्तमान अवस्थाको लागत ब्याजबाहेक रु. १८ अर्ब ४७ करोडको हाराहारीमा खर्च हुने जनाइएको छ ।

वातावरणीय प्रभाव मूल्याङ्कनको सामाजिक कार्यअन्तर्गत रसुवागढी जलविद्युत् आयोजनाले थुप्रै काम सम्पादन गरेको छ । सम्पादित काममा टिमुरेको तल तातोपानी पोखरी र पाटी निर्माण, टिमुरे गाउँमा भित्री सडक तथा नाली निर्माण, टिमुरे-खैदी बाटो, तातोपानी-दालगाउँ सडक, रोङ्गा-थुमन सडक, थुमन गाउँमा गुम्बा, फोहर व्यवस्थापन गर्न टिमुरेमा ल्याण्डफिल साइट, धुञ्चेस्थित लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयका लागि तीनतले कार्यालय भवन निर्माणलगायत आकस्मिकरूपमा परिआउने दर्जनौँ काम निर्माण सम्पन्न गरिसकेको र स्वास्थ्य तथा शिक्षा क्षेत्रमा समेत सहयोग गर्दै आएको स्थानीय बासिन्दाले बताएका छन् ।

वर्षायाममा स्याफ्रुबेसी-रसुवागढी खण्डको सडक दैनिक अवरुद्ध भइरहँदा आयोजना निर्माणको समयदेखि नै जिल्ला विपद् व्यवस्थापन समितिको अनुरोधमा रसुवागढी जलविद्युत् आयोजनाले सडकको अवरोध हटाएको थियो ।

नेपाल-चीनको आयात तथा निर्यात हुने मालसामान बोकेका कन्टेनर गुडाउन र स्थानीय बासिन्दाको आवतजावतमा सहज पारेर सडक यातायात सञ्चालनको सहजताले भन्सारको राजस्व असुलीमा सहयोग पुग्दै आएको गोसाइँकुण्ड गाउँपालिका-२ को कार्यालयले जनाएको छ ।

यस्तै रसुवाको आमाछोदिङ्मो गाउँपालिकामा निर्माणाधीन माथिल्लो र तल्लो साञ्जेन-२ जलविद्युत् आयोजनामध्ये १४ दशमलव आठ मेगावाट क्षमताको माथिल्लो साञ्जेनबाट विद्युत् उत्पादन भई उत्पादित विद्युत् चिलिमे केन्द्रको हवबाट राष्ट्रिय प्रसारण लाइनमा पठाइसकिएको छ ।

यसैगरी, ४२ दशमलव पाँच मेगावाटको तल्लो साञ्जेन जलविद्युत् आयोजनाको पनि निर्माण कार्य पूरा भई उपकरण तथा संरचना परीक्षण कार्य भइरहेका कारण सो आयोजनासमेत राष्ट्रिय प्रसारण लाइनको पर्खाइमा रहेको प्राविधिकले बताएका छन् । राष्ट्रिय प्रसारण लाइनको काम यति समयसम्म सकिन्छ भन्ने जिम्मेवार प्राविधिकले अझै टुङ्गो लगाउन सकेका छैनन् ।

अब निर्माणको चरणमा अगाडि बढेका आयोजनालाई निर्माण भइरहेको राष्ट्रिय प्रसारण लाइनले साञ्जेन र रसुवागढीका अलावा २० मेगावाट लाङ्टाङ खोला, एक सय २० मेगावाट भोटेकोशी, दुई सय १६ मेगावाट अपरत्रिशूली-१, ६ मेगावाट सुपर मैलुङ, ७३ मेगावाट सालासुङ्गी, १४ दशमलव तीन मेगावाट माथिल्लो मैलुङ, २० मेगावाट फलाखु खोला, ३७ दशमलव तीन मेगावाट त्रिशूली थ्रीबीका विद्युत् एकीकृतरूपमा केन्द्रीकृत गरी राष्ट्रिय प्रसारण लाइनमा पठाउन सहज हुने प्राविधिकले बताएका छन् ।

यसभन्दा अगाडि निर्माण भएको २२ मेगावाट चिलिमे, पाँच मेगावाटको मैलुङ दोभान, १४ दशमलव आठ मेगावाटको माथिल्लो साञ्जेन, २२ मेगावाटको चिलिमे विद्युत् स्याफ्रुबेँसी-माद्रेढुङ्गा ३८ किमि दूरीको राष्ट्रिय प्रसारण लाइनबाट विद्युत् प्रवाह भइरहेको बताइएको छ । चिलिमेबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा लैजान निर्माण गरिएको लाइनलाई दीर्घकालीन सोचले बढी पावरको लाइन निर्माण हुन नसक्दा पछिल्लो समय उत्पादित बिजुली प्रसारण गर्न समस्या आएको बताइएको छ । ***रासस***

## हार्दिक समवेदना



जन्म
२०३७/१०/२७


निधन
२०८०/१२/०५

यस पिकअप ढुवानी इकाईका सदस्य **राजन छुस्याकी**को हृदयघातबाट असामयिक निधन भएको आज **१२ औं दिन**को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**पिकअप ढुवानी इकाई**

भक्तपुर -२

## हार्दिक समवेदना



जन्म
२०१०/०६/१३

निधन
२०८०/१२/१३

तुल्सीबहादु प्रजापति

हाम्रा हितैषी मित्र राजेश प्रजापतिका पूजनीय पिता **तुल्सीबहादुर प्रजापति**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

धर्म गुसाई
बुद्धिकुमार सुवाल
बुद्धिकुमार मुस्याख्व
दिलराम दुवाल
सुन्दर कोजु
यकिन्द्र दुवाल
रोहित गोर्खाली
राजु कासुला
राजन घेमोसु
गंगाराम वैद्य
कृष्णमोहन सैजु
कृष्णप्रसाद भैल
लक्ष्मीप्रसाद साँयजु
पुण्यराम गाइजु
आसकुमार दुवाल
रूकेश श्यामा

## 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिक नियमित पढौं !

## हार्दिक समवेदना



जन्म
२०३७/१०/२७

निधन
२०८०/१२/०५

यस संस्था तथा भजन मण्डलका सहयोगी, शुभचिन्तक तथा मिलनसार मित्र बिक्की छुस्याकीका भाइ **राजन छुस्याकी**को असामयिक स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**श्री रामजानकी मन्दिर संरक्षण संस्था परिवार तथा**
**श्री हनुमानघाट रामायण भजन मण्डल परिवार**
हनुमानघाट -७, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००५/०५/०५

निधन
२०८०/१२/०७

यस संस्थाका संस्थापक सदस्य एवम पूर्व कर्मचारी राजेश लाखाका पुजनीय पिता **पूर्णबहादुर लाखाजु**को असामयिक दुःखद निधन भएको आज **दसौं दिन** को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि.**
सञ्चालक समिति परिवार
भ.न.पा.–१०, कमलविनायक

## हार्दिक समवेदना



जन्म
२०१४/०४/०७

निधन
२०८०/१२/०५

यस भाजु समूह कोषका सदस्य सुनिल शिल्पकारका पूजनीय पिता **नारायणसुन्दर शिल्पकार**को असामयिक निधन भएको आज **१२ औं दिन**को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**भाजु समूह परिवार**

## हार्दिक समवेदना



जन्म
२००५/०५/०५

निधन
२०८०/१२/०७

यस ग्रुपका अध्यक्ष राजेश लाखाका पूजनीय पिता तथा सदस्य अनिता लघु (लाखा) का ससुरा **पूर्णबहादुर लाखाजु**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**MARSH Group**

| | | |
|---|---|---|
| सुवास भैल | रोशन मचामसी | हेमन्त लाखा |
| राज्यलक्ष्मी सुवाल | मेलिना डाखुसी | ओसिन बजिको |
| शरद लाखा | सन्तोष नागा | प्रविण बखुन्छें |
| शर्मिला कर्मचार्य | सुनिता सुवाल | विज्ञान साँद |

## हार्दिक समवेदना



जन्म
२००५/०५/०५

निधन
२०८०/१२/०७

**स्व. पूर्ण बहादुर लाखाजु**

यस संस्थाका संस्थापक सदस्य एवं पूर्व सञ्चालक पुण्यराम लाखाका पुजनीय पिता तथा सदस्य व्यवसाय प्रवर्द्धन उपसमितिका सदस्य पुनम लाखाका हजुरबुवा **पूर्णबहादुर लाखाजु**को असामयिक निधन भएको आज दसौं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
**सञ्चालक समिति**

## हार्दिक समवेदना



जन्म
२००५/०५/०५

निधन
२०८०/१२/०७

यस समूहका सदस्य राजेश लाखाका पुजनीय पिता **पूर्णबहादुर लाखाजु**को असामयिक दुःखद निधन भएको आज **दसौं दिन** को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**१५ गते बचत समूह**
भक्तपुर

## सिद्धि गणेश कर्नर
हरेक मंगलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### ४५ दिने मादल बजाउने तालिम सम्बन्धि सूचना

यस उपसमितिको आयोजनामा देहायअनुसारका समय र स्थानमा सञ्चालन हुने **४५ दिने मादल बजाउने तालिममा** सहभागी हुन इच्छुक सदस्य तथा सदस्य परिवारले **चैत १९ गतेभित्र नाम दर्ता** गराउन सूचित गराइन्छ ।



**तालिम**
समय : बेलुका ५:३० देखि ६:३० बजेसम्म
स्थान : संस्थाको तालिम हल, खँचा
दर्ता शुल्क: रु. ७००।-(सात सय) मात्र



पुनश्च: तालिममा बढीमा ३० जनामात्र सहभागी गराउने भएकोले पहिलो आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।

**युवा उपसमिति**

### अनिवार्य शिक्षा शिविर सम्बन्धी सूचना

यस उपसमितिको आयोजनामा देहाय अनुसारको मिति, समय र स्थानमा **अनिवार्य शिक्षा शिविर** हुने भएकोले सम्बन्धित सम्पूर्ण सदस्यहरूलाई सूचित गराइन्छ ।

**कार्यक्रम**
मिति : २०८० चैत्र १७ गते शनिबार
समय : बिहान ७:०० बजे
स्थान : सिद्धि गणेश तालिम हल, खँचा

**शिक्षा उपसमिति**

### ऋण सुविधा उपयोग गरौं ।

**व्यवसायिक ऋण**

वार्षिक **१२%** ब्याजदरमा



♦ आफ्नो व्यवसायको क्षमता वृद्धि गर्न ।
♦ हाल अधिकतम **दुई करोड** सम्मको लगानी

* शर्तहरू लागु हुनेछ ।

**व्यवस्थापक**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

## हार्दिक समवेदना



जन्म
१९९०/०३/१४

निधन
२०८०/१२/०३

यस स्वप अस्पताल भवन निर्माण समिति तथा थथुं दरबार पुन: निर्माण आयोजनाका सदस्य ई. राजेन्द्र हाडाकी ममतामयी माता **रामेश्वरी हाडा**को असामयिक निधनप्रति दुख व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**स्वप अस्पताल भवन निर्माण आयोजना**
**थथुं दरबार पुन निर्माण आयोजना**

## हार्दिक समवेदना



जन्म
१९९०/०३/१४

निधन
२०८०/१२/०३

यस संस्थाका कोषाध्यक्ष श्री शिवओम हाडाकी ममतामयी माता **रामेश्वरी हाडा**को असामयिक निधनप्रति दुख व्यक्त गर्दै दिवङ्गत आत्माको चिरशान्तिको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बाराहीस्थान, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा